श्री प्राणनाथ जी वाणी

|| प्रेम खोल देवे सब द्वार ||







# श्री कृष्ण त्रिधा लीला

श्री प्राणनाथ जी वाणी

|| प्रेम खोल देवे सब द्वार ||

## श्री प्राणनाथ जी वाणी सेवा परिवार

धामधनीको मेहेरद्वारा प्यारा सतगुरू श्री राजन स्वामीजीको अनुपम टीकाद्वारा उद्धृत **'श्री प्राणनाथ जी वाणी' यूट्यूब चैनलमा** भएको अद्भुत चर्चा सुनेर हाम्रा प्यारा सुन्दरसाथजीहरूद्वारा यो पीडिएफ बनाउने अति सुन्दर प्रेममयी सेवा गरियो।

> " **त्रिविध लीला जानिए, जानो प्रियतम नाम।**
> **पिउ की वाणी कह रही, चल मूल मिलावा धाम ॥** "
>
> **शशि किरण**

**श्री कृष्ण त्रिधा लीला चर्चा–** सोनिया जुनेजा (अष्ट्रेलिया)
**लेखनको सेवा –** ईशा अस्थाना (होशियारपुर)
**भाषानुवादको सेवा (हिंदी–नेपाली) -** स्नेहा न्यौपाने (यू.एस.ए)
**प्रुफ रीडिंगको सेवा -** इन्द्रावती उप्रेती (नेपाल), गुप्त सुन्दरसाथजी
**हजुरहरू** सबै निःस्वार्थी, अथक, निरन्तर सेवाभावी **सुन्दरसाथजीको** चरणमा **कोटि–कोटि प्रेम प्रणामजी**।

## प्रतिलिपि

प्रतिलिपि अधिकार © 2024 **श्री प्राणनाथ जी वाणी**
सर्वाधिकार सुरक्षित। यस पुस्तकको कुनै पनि अंश बिना अनुमति छाप्न, पुन: उत्पादन गर्न वा प्रयोग गर्न निषेध गरिएको छ।



यो छोटो परिचय पढ्नको लागि समय
दिनुभएकोमा **धन्यवाद**।
मलाई आफ्नो इमानदार प्रतिक्रिया दिनुहुन अनुरोध गर्दछु।

हजुरको चरण रज
**श्री प्राणनाथ जी वाणी परिवार**

# प्रस्तावना

**क्यों मेहेर मुझ पर भई, ए थी दिल में सक।**
**मैं जानी मौज मेहेबूब की, वह देत आप माफक।।**
**श्री किरंतन प्र.82, चौ.5**

अक्षरातीतको हृदय ज्ञानको अनंत सागर हो र त्यस सागरको एक थोपा श्री महामतिजीको धाम हृदयमा आएर सागरको स्वरूप बन्यो र उहाँद्वारा श्री तारतम वाणीको खजाना हामी सबैलाई मिल्यो। प्यारा सतगुरू सरकार श्री जीले वाणीको टीका गरेर त्यस अखंड धरोहरलाई पाउने मार्ग सरल बनाइदिनुभयो। फेरि धामधनीको मेहरद्वारा प्यारा सतगुरू श्री राजन स्वामीजीले ज्ञानको गहिरो सागरमा कुशल गोताखोर जसरी गोता लगाएर श्री मुख वाणी टीका भावार्थ सहित गर्नुभयो र आजसम्म लुकेका सबै गुह्य रहस्यहरू खोलेर हामी सबैको जीवन धन्य गरिदिनुभयो।

धामधनीको मेहरद्वारा श्री कृष्ण त्रिधा लीला जान्न बढेको जिज्ञासालाई श्री राजन स्वामीजीद्वारा गरिएको श्री तारतम वाणीको टीकाले शान्त गरिदियो र पहिलो पटक थाहा भयो कि ज्ञानमा पनि कति आनन्द हुन्छ। श्री कृष्ण त्रिधा लीलाको भेद पूज्य श्री राजन स्वामीजीका चर्चाहरू र उहाँद्वारा गरिएका श्री रास, श्री प्रकाश हिंदुस्तानी र श्री कलश हिंदुस्तानीको टीकाबाट बुझ्न थालियो। 'श्री प्राणनाथ जी वाणी' जूम र यूट्यूब चैनलको माध्यमबाट सबै सुंदरसाथजीहरूसँग चर्चा हुन लाग्यो। धनीको मेहरद्वारा ब्रज र रासका लीलाहरू जानेपछि मायाको गतिविधिबाट हटेर ब्रह्मवाणीसँग प्रेम हुन थाल्यो। जब केही नयाँ कुरा थाहा हुन्थ्यो, मनमा आनंदको सिमा हुँदैन थियो। हामी सबै सखीहरूको हृदय ब्रज र रासका लीलाहरूमा ज्ञान दृष्टिबाट आनंद लिन थाल्यो।

ब्रजलीला (पूरै निद्राको लीला) मा श्री कृष्णजीको स्वरूपको असल पहिचान नहुँदा पनि हामी गोपीहरूको रोम-रोममा श्री कृष्ण बस्नुहुन्थ्यो। योगमायामा भएको रास (आधा निद्रा आधा जागृतिको अवस्था) मा उथला वचन, रामतहरूको आनंद, अंतर्धानको पीडा, ब्रह्मानंद र भजनानंद स्वरूपको भेद, प्रियतम अक्षरातीतको पहिचान गरेर कहिल्यै विछोड नहुने ठाँउमा जाने इच्छा, यी लीलाहरूको चिन्तन गरेर नै मूल मिलावाको चितवनीको बाटो सरल हुन्छ।

विरहको हावाले कसरी मंद परेको प्रेमको अग्निलाई प्रज्ज्वलित गरिदिन्छ, सब गोपीहरुको रेहेनीद्वारा सिक्न सकिन्छ। पहिले त अति सुंदर वा मनमोहक रुप (श्री कृष्णजी) धारण गरेर प्रियतम बाँसुरी बजाउनुहुन्थ्यो र आज पनि धामधनी श्री तारतम वाणीको बाँसुरी हर दिशाबाट बजाइरहनुभएको छ। आउनुहोस्! सबै भेदभाव भुलेर सबै सुंदरसाथजीहरुलाई सँगै लिएर गोपीहरुको जस्तै प्रेम भाव दिलमा लिएर आफ्नो प्रियतमको पहिचान गरौं तथा प्रेमको मार्गमा कदम बढाऔं। स्वयं रेहेनीको सुरुवात गरौं र सबैलाई यस मार्गमा चल्न प्रेरित गरौं। सेवा र समर्पणको भावद्वारा ओतप्रोत भएर जागौं र जगाऔं। प्रेमको झण्डा बनेर पूरै ब्रह्मांडमा प्रेमको संदेश फैलाऔं।

चर्चाका सबै भिडियोहरु बारम्बार हेरेर यसको लिखित रुप दिने, विभिन्न भाषाहरुमा अनुवाद र अनेकौं पटक प्रूफरीडिंग गर्ने अथक वा अनमोल सेवा गर्ने सबै सुंदरसाथजीहरुको चरणमा प्रेम प्रणामजी। श्री राजजीको मेहरको छत्रछायाँमा हजुरहरु सधैं सेवा कार्यमा संलग्न रहेर आत्म-जागृतिको मार्गलाई सुगम बनाउनुहोला।



**हजुरको चरण रज**

**सोनिया जुनेजा**

# अनुभूमिका

प्रिय सुन्दरसाथजी! सच्चिदानंद परब्रह्मको असीम मेहर दृष्टिद्वारा 'श्री कृष्ण त्रिधा लीला' ग्रन्थ हजुरहरु सबैको समक्ष राख्ने सुअवसर प्राप्त भएको छ| धनीलाई पाउनको लागि जुन समर्पण, विरह तथा अनन्य प्रेमको आवश्यकता छ, यस ग्रन्थमा त्यसमाथि थोरै प्रकाश पार्ने प्रयत्न गरिएको छ| म जस्तो अल्पज्ञलाई शब्दहरुको केही ज्ञान छैन, र यस कार्यलाई गर्न मेरो लागि अत्यंत कठिन थियो, तर मेरो सद्गुरु 'धर्मवीर जागनी रत्न सरकार श्री जगदीश चंद्रजी' एवं 'श्री राजन स्वामीजी' को कृपा दृष्टिले यो कार्य सरलतासँग सम्पन्न हुन सक्यो|

जब पहिलो पटक यूट्यूब (youtube) को माध्यमबाट 'श्री कृष्ण त्रिधा लीला' सुन्ने सुअवसर प्राप्त भयो, तब धनीजीको प्रेरणाद्वारा यसलाई लिखित रुप दिने विचार मनमा आयो| 'श्री राजन स्वामीजी' द्वारा गरिएको 'श्री कुलजम वाणी' को टीकालाई आधार बनाएर 'सोनिया जुनेजाजी' ले यूट्यूब चैनल 'श्री प्राणनाथ जी वाणी' मा श्री कृष्ण त्रिधा लीला धेरै सरलता पूर्वक सबै सुन्दरसाथलाई सम्झाउने अत्यधिक प्रशंसनीय प्रयास गर्नुभयो| जसले गर्दा उहाँले सब सुन्दरसाथहरुलाई 'श्री कृष्ण त्रिधा लीला' को गहिराईमा लिएर जानुभयो।

**यस ग्रन्थमा मुख्य रुपमा निम्न विषयहरुमा विवेचना गरिएको छः-**

1. मायाको खेलमा आउनुको कारण र महाकारण |
2. श्री अक्षरब्रह्मजीको अंतःकरणका भाग |
3. ब्रजलीला, रासलीला र प्रतिबिम्ब लीलाको गुह्य भेद |
4. ब्रह्मानंद र भजनानंद स्वरुपमा फरक |
5. आफ्नो निजघर र धनीजी (पूर्णब्रह्म परमात्मा) सँग आफ्नो मूल सम्बन्धको पहिचान |

श्री कृष्ण त्रिधा लीला बुझ्दै जाँदा एउटा कुरामा अटुट विश्वास भयो कि धनीजी हरेक पल आफ्ना ब्रह्मात्माहरुसँग नै हुनुहुन्छ। जस्तै कि पहिला ब्रजलीलामा, फेरि रासलीलामा र अब यस जागनी ब्रह्माण्डमा पनि धनी सूक्ष्म रुपमा आफ्नो प्रत्येक ब्रह्मात्माको हृदयमा विराजमान हुनुहुन्छ। 'श्री मुख वाणी' को ज्ञानद्वारा, जसलाई आफ्नो प्राणवल्लभ अक्षरातीतको पहिचान हुन्छ, ऊ धनीको प्रेममा आफूलाई समर्पित गरिदिन्छ। यस प्रकार जो सुन्दरसाथ आफ्नो प्राणवल्लभ अक्षरातीतप्रति समर्पणको दृष्टिद्वारा जति समर्पित हुन्छन्, उनलाई त्यति नै अधिक आत्मिक आनंद मिल्छ। उनको सुरताले यहाँ बसेरै चितवनीद्वारा परमधामको पच्चीस पक्षको आनंद लिन पाउँछ।

## सप्रेम प्रणामजी!

आशा छ कि यो ग्रन्थ सुन्दरसाथजीहरूको लागि रुचिकर हुनेछ। सुन्दरसाथजी यस ग्रन्थको लेखन मेरो प्रथम प्रयास हो। त्यसैले जानी-नजानी हुनेवाला त्रुटिहरूलाई क्षमा गरेर सूचित गर्ने कष्ट गर्नुहोला।



यो छोटो परिचय पढ्नको लागि समय दिनुभएकोमा धन्यवाद।
मलाई आफ्नो इमानदार प्रतिक्रिया दिनुहुन अनुरोध गर्दछु।

**हजुरहरूको चरण रज**

**ईशा अस्थाना**

# हजुरहरूले सुरु गर्नु अघि जान्नुपर्ने कुराहरू!

## योगमाया

(श्री अक्षरब्रह्मजीको चतुष्पाद)

सतस्वरुप ब्रह्म= अहंकार

केवल ब्रह्म = बुद्धि

सबलिक ब्रह्म = चित्त

महाकारण

कारण

सूक्ष्म

सबलिक ब्रह्मको स्थूल = अव्याकृत ब्रह्मको महाकारण

अव्याकृत ब्रह्म

कारण

सूक्ष्म

स्थूल

सतस्वरुप ब्रह्म = अहंकार

निर्मल चैतन्य - प्रथम बहिश्त (आखिरको)

ब्रह्मसृष्टिहरूको जीवको मुक्तिस्थान

महाकारण – दोस्रो वहिश्त (आखिरको)

अक्षरब्रह्मजीको सुरता तथा उनीहरूको जीवको मुक्तिस्थान

केवल ब्रह्म = बुद्धि



केवल ब्रह्म (रास खेलिएको थियो )

सबलिक ब्रह्म = चित्त

निर्मल चैतन्य – तेस्रो वहिश्त महंमदी (अव्वलको)

| | | |
|---|---|---|
| अखंड रास | महाकारण | चौथी बहिश्त (अव्वलको) |
| अखंड व्रज | कारण | पाँचवीं बहिश्त (अव्वलको) |
| | सूक्ष्म | चिदानंद लहरी |

अव्याकृत ब्रह्म = मन

अव्याकृत ब्रह्मको तुरीयातीत

सबलिक ब्रह्मको स्थूल = अव्याकृत ब्रह्मको महाकारण

कारण

सूक्ष्म

स्थूल

## योगमाया

## हजुरहरूले सुरु गर्नु अघि जान्नुपर्ने कुराहरू!

महाकारण

रासलीलाको प्रतिबिम्ब तुरीयातीत

शुद्ध महाकारण

ब्रजलीलाको प्रतिबिम्ब शुद्ध कारण वेदऋचाहरूको मुक्तिस्थान

शुद्ध सूक्ष्म छठी वहिश्त - मलकुती (अव्वल)

सुमंगला शक्ति शुद्ध स्थूल (अक्षरब्रह्मको पंचबासनाको स्थान)
(विष्णुजी, शिवजी, सनकादिकजी, शुकदेवजी, कबीरजी)

कारण

सात शून्य सातमी वहिश्त- महाऋषिहरूको (आखिरको )

सूक्ष्म

काल निरंजन

स्थूल

निर्मल चैतन्य

ज्ञान शक्ति गायत्री प्रणव ब्रह्म

चार वेदहरूको स्थान रोधिनी शक्ति

प्रणवको निर्मल चैतन्यमा आठौं वहिश्त (आखिरको)
(संसारका जीवहरूको मुक्तिस्थान)

# अव्याकृत ब्रह्म

## अनुक्रमणिका


अध्याय 1

यस खेलमा आउनुको कारण र महाकारण

अध्याय 2

ब्रजलीला

अध्याय 3

कालमायाबाट योगमायामा सखीहरूको प्रस्थान

अध्याय 4

रासको वर्णन

अध्याय 5

श्री राजजीको अंतर्धानको लीला

अध्याय 6

अंतर्धान पश्चातको लीला

अध्याय 7

अखंड ब्रजलीला तथा रासलीलाको रहस्य

अध्याय 8

प्रतिबिम्ब लीलाको गुह्य भेद

अध्याय 9

श्री कृष्ण त्रिधा लीलाको तीन भाग

अध्याय 1

# यस खेलमा आउनुको कारण र महाकारण



# अध्याय 1: यस खेलमा आउनुको कारण र महाकारण

**श्री कृष्ण त्रिधा लीला** भनेको श्री कृष्णजीको तनमा भएका तीन प्रकारका लीलाहरू र यस अवधिमा उहाँको तनमा कुन-कुन शक्तिले कार्य गरेको छ, त्यसको वर्णन हो। श्री राजजीले आफ्नो हृदयमा यति धेरै प्रेम भर्नुभयो कि उहाँले आफ्ना आत्मरूपा सखीहरूलाई आफ्नो हृदयको त्यो कुना देखाउन चाहनुभयो, जुन आजसम्म अछुतो रहेको छ। जब श्रीराजजीले 'मेहरको दरिया' लाई आफ्नो हृदयमा लिनुभयो, तब ब्रह्मात्माको दिलमा यो खेल हेर्ने इच्छा जाग्यो।

श्री राजजी परमधाममा आफ्नो आनन्द अंग श्यामाजी महारानी, आफ्ना सखीहरू र उहाँको सत अंग अक्षरब्रह्मजीसँग बस्नुहुन्छ। न त उहाँको आनन्द अंग श्यामाजी तथा सखीहरूलाई उहाँको सत अंग अक्षरब्रह्मजीको बारेमा थाहा थियो, न अक्षरब्रह्मजीलाई श्यामाजी तथा सखीहरूको बारेमा थाहा थियो। यस खेलमा आउनुको महाकारण र कारण यस प्रकार छन्:

**महाकारण:** महाकारण भनेको कारणको पछाडि लुकेको कारण हो। यस खेलमा आउनुको महाकारण भनेको श्रीराजजी महाराजले आफ्नो आनन्दस्वरूपा श्यामाजी र अंगस्वरूपा सखीहरूलाई आफ्नो परमधामको पातसाही र वाहेदत (एकदिली) को इशक (प्रेम) देखाउनु हो।

**पहिलो कारण:** श्री श्यामाजी र सखीहरूको मनमा अक्षरब्रह्मजीले बनाएको खेल हेर्ने इच्छा श्री राजजीले जागृत गराउनुभयो। त्यसपछि श्यामाजी र सखीहरूले यो खेल हेर्ने इच्छा व्यक्त गरे।

**दोस्रो कारण:** आफ्नो सत अंग श्री अक्षरब्रह्मजीलाई उहाँको हृदयमा रहेको आनन्दको पहिचान गराउनु थियो र परमधाममा श्री अक्षरातीतले उहाँको आनन्द अंग श्यामाजी र सखीहरूसंग कस्तो लीला गर्नुहुन्छ देखाउनु थियो।

परमधाममा बसेर वाहेदतको इश्कको पहिचान गराउन स्वयं श्री राजजीको लागि पनि असम्भव थियो किनभने श्यामाजी तथा सखीहरू त्यो प्रेमको आनन्दमा डुबिदिने थिए तर, त्यो प्रेमको पहिचान गर्न सक्ने थिएनन्। त्यसैले हाम्रो प्रियतमले हामीलाई कालमायाको यस ब्रह्माण्डमा ल्याउनुभयो, जहाँ हाम्रो परमधाम जस्तो प्रेम नै छैन।

**एक पातसाही अर्स की, और वाहेदत का इस्क।**
**सो देखलावने रूहन को, पेहेले दिल में लिया हक ॥**
**श्री खिलवत प्र. 6 चौ. 43**

## यो खेल हेर्ने इच्छा पहिले कसको दिलमा आयो -'श्री अक्षरब्रह्मजी' वा 'श्री श्यामाजी र सखीहरू'?

परमधाममा एउटै हृदयले मात्र काम गर्छ र त्यो हो- 'अक्षरातीतको हृदय'। जब श्रीराजजी महाराजले आफ्नो मनमा खेल देखाउने विचार लिनुभयो, तब श्री अक्षरब्रह्मजीको हृदयमा पनि यही विचार आयो र वाहेदतको सम्बन्धकको कारण यही कुरा श्यामाजी तथा सखीहरूको मनमा पनि आयो।

**जो पेहेले लई हकें दिल में, पीछे आई माहें नूर।**
**तिन पीछे हादी रूहन में, ए जो हुआ जहूर ॥**
**श्री खिलवत प्र. 6 चौ. 44**

## श्री श्यामाजी र सखीहरूको मनमा खेल हेर्ने चाहना कसरी जाग्यो?

जब श्री राजजी महाराज श्यामाजी र सखीहरूसंग तिजी भोममा बस्नुहुन्छ, त्यसबेला अक्षरब्रह्मजी हरेक दिन चाँदनी चोकमा श्री राजजीको दर्शन गर्न आउनुहुन्छ। जुन दिन प्रियतमको मेहेर भयो, त्यस दिन सखीहरूको मनमा आयो कि उहां (श्री अक्षरब्रह्मजी) को हो? त्यसपछि राजजीलाई सोध्दा उहाँले आफ्ना सखीहरूलाई उनले खेल बनाउंछन् 'जसमा दुःख मात्र हुन्छ' भन्नुभयो।

हामीले त्यहाँ यी शब्दहरू कहिल्यै सुनेका थिएनौं। यसरी राजजी महाराजले आफ्नो दिलमा लिनुभएको कारणले, श्यामाजी र सखीहरूको मनमा पनि खेल हेर्ने इच्छा जाग्यो।

राजजी महाराजले हामीलाई यहाँ आउन बारम्बार मनाही गर्नुभयो, तर हामी सखीहरूले यो माया हेर्ने इच्छा तीन पटक व्यक्त गर्यौं। राजजीले हामीलाई तीनवटा लीला देखाउनु पर्ने भएकाले हामीले पनि तीन पटक यस खेललाई माग्यौं-

**1. ब्रज लीला**
**2. रास लीला**
**3. जागनी लीला**

राजजीले मनाही गर्दा पनि सखीहरूले नमानेपछि राजजीले सखीहरूलाई मूलमिलावामा बसाएर आफ्नो नजरमा लिएर कालमायाको (ब्रज) ब्रह्माण्डमा पठाउनुभयो।


## ब्रह्माण्डका तीन प्रकार:

**1.कालमाया:**
कालमायाको ब्रह्माण्डमा सृष्टि भएका सबै चीजहरू नष्ट हुनु निश्चित छ। यहाँ द्वैत (जीव+माया) को खेल चल्छ।


**2.योगमाया:**
योगमायामा एकपटक सृष्टि भएको वस्तु अनन्त कालसम्म अखण्ड हुन्छ। यहाँ अद्वैतको खेल हुन्छ, अर्थात् ब्रह्मले आफ्नो अभिन्न रूप चैतन्य मायाको साथमा लीला गर्छन्।

**3.परमधाम:**
परमधाममा न त कुनै पनि कुराको सृजना हुन्छ न त विनाश नै हुन्छ। यहाँ परब्रह्मले मात्रै सबै रूपमा लीला गर्नुहुन्छ, त्यसैले परमधामलाई स्वलीला अद्वैत भनिन्छ।

## ब्रह्माण्डका तीन प्रकार:




अब जाग देखो सुख जागनी, ए सुख सोहागिन जोग।
तीन लीला चौथी घर की, इन चारों को यामें भोग।।
श्री कलश हिंदुस्तानी प्र. 23 चौ. 1



## अध्याय 2

# ब्रजलीला

# अध्याय 2 : ब्रजलीला

सबैभन्दा पहिले परमधामबाट खेल हेर्नको लागि हामी कालमायाको ब्रज मण्डल पुग्यौं। ब्रज मण्डलमा 11 वर्ष 52 दिनसम्म लीला भएको थियो। 11 वर्षको प्रेम लीला 52 दिन बियोगको (विरह) लीला भयो। यस लीलामा हामी सबै सखीहरुले श्री कृष्णजीको सुन्दर मुहारलाई धेरै प्रेम गर्यौं र मायाको काम सकेर उहाँको बाँसुरीको मीठो धुन सुनेर श्री कृष्णजीको पछि दौडियौं। यो लीलामा प्रेममयी आनन्द त पक्कै थियो, तर सबैको अवस्था निद्रामा जस्तो थियो, हाम्रो धनी मात्र जागृत हुनुहुन्थ्यो। ब्रज लीला पूर्ण रुपमा निद्रामा खेलिएको थियो, अर्थात् न त हामीलाई श्री राजजीसंग हाम्रो सम्बन्धको बारेमा थाहा थियो न त हाम्रो धाम नै याद थियो।

**ब्रज मण्डलमा श्री राजजी, श्री श्यामाजी, ब्रह्मसृष्टि, कुमारिका सखी र अक्षरब्रह्मजीले धारण गरेका तन र आत्माहरु यसप्रकार छन्:**

**1. श्री राजजी:**
तनको नाम: श्री कृष्णजी
जीव: श्री विष्णुजी
आत्मा: श्री अक्षरब्रह्मजी
आवेश: श्री राजजीको
जोश: श्री राजजी (आवेश श्री अक्षरब्रहमजी)
(अक्षरब्रह्मजी श्री कृष्णजीको तनमा आवेश र सुरता दुवैको रुपमा अवस्थित हुनुहुन्छ किनभने उहांलाई खेल हेरेर विलासको आनन्द लिनु पनि छ र खेल बनाउनु पनि छ।)

**2. श्री श्यामाजी:**
तनको नाम: राधिकाजी
जीव: मायाको उच्चकोटिको जीव
आत्मा: श्री श्यामाजी

**3. ब्रह्मसृष्टिहरु:**
तन: कालमायाको तन
जीव: उच्चकोटिको जीव
आत्मा: 12000 ब्रह्मसृष्टिहरुको आत्मा

**4. कुमारिका सखीहरू:**
तन: कालमायाको तन
जीव: उच्चकोटिको जीव
सुरता: 24000 ईश्वरीसृष्टिहरूको सुरता योगमायाबाट

(यो खेल हेर्नका लागि श्री अक्षरब्रह्मजीले विशेष रूपमा योगमायामा धारण गरेका सुरताहरूलाई ईश्वरीसृष्टि भनिन्छ। योगमायामा यिनीहरूको कुनै छुट्टै तन छैन, अक्षरब्रह्मजीले यिनीहरूलाई सुरताको रूपमा मात्र धारण गर्नुभएको हो।)

यसरी गोपीहरू र कृष्णजीको बीचमा 11 वर्षसम्म प्रेममयी लीला चलिरह्यो र कुमारिका सखीहरू यो लीला हेरेर आनन्द लिइरहे तर उनीहरूको मनमा श्रीकृष्णजीले यो लीला उनीहरूसँग पनि गरून् भन्ने चाहना थियो। त्यसैले, उनीहरूले यो लीला खेलेर आनन्द लिन सकूँ भनेर व्रत बसे। श्री कृष्णजीले कुमारिका सखीहरूलाई वचन दिनुभयो कि उनीहरू पनि यो लीला खेल्न पक्कै पाउनेछन्, तर अहिले हैन। 11 वर्षपछि गोपीहरू घर, पति र सन्तानमा व्यस्त हुन थाल्छन्। गोपीहरूले श्री कृष्णजीलाई परपुरुष र आफूलाई कुलवंती नारी भन्दै श्री कृष्णजीलाई भन्दछन् कि तपाईंले बाँसुरी बजाएकोले हामी आफूलाई रोक्न सक्दैनौं र तपाईंको पछि दौडिएर आउँछौं भनेर श्री कृष्णजीलाई बाँसुरी नबजाउन भने। अब 52 दिनसम्म श्री कृष्णजीले न त बाँसुरी बजाउनुहुन्छ न त सखीहरू उहाँलाई भेट्न आउँछन्।

## 52 दिन वियोगको आवश्यकता:

1. अक्षरब्रह्मजी र श्यामाजी लगायत सबै सखीहरू खेलमा मग्न भएकाले यो वियोग आवश्यक थियो। सपनाको बुद्धिको ब्रह्माण्डमा भएकाले यिनीहरू दुवैलाई मूल वचन याद थिएन।

**तब धाम धनिऐं कियो विचार, ए दोऊ मगन हुए खेलें नर नार।**
**मूल वचन की नाहीं सुध, ए दोऊ खेलें सुपने की बुध॥**
**श्री प्रकाश हिंदुस्तानी प्र. 37 चौ. 33**

2. यसको दोस्रो कारण यो पनि थियो कि रासमा राजजीले हामीलाई अपार आनन्द दिने वाला हुनुहुन्थ्यो र वियोग बिना हामी प्रेमको लीलाको आनन्द लिन सक्दैन थियौं।

## 52 दिनको विरहपछि:

52 दिनपछि श्रीकृष्णजी वृन्दावन (कालमाया) को त्यो क्षेत्रमा पुग्नुभयो जहाँ उहाँ सधैं साँझमा बाँसुरी बजाउनुहुन्थ्यो। तर आज श्री कृष्णजीले त्यहाँ बाँसुरी बजाउनु भएन। उहाँले बलभद्र, कल्याणजी र अन्य ग्वाल-वालहरूलाई गाईहरूसँग गोकुलमा पठाएर आफू योगमायाको ब्रह्माण्डमा जानुभयो, जहाँ उहाँले योगमायाको शक्तिले नित्य वृन्दावनको रचना गर्नुभयो।

**एक दिन गौ चारने, पिउ पोहोंचे वृन्दावन ।**
**गोवाल गौ सब ले वले, पीछे जोग माया उतपन ।।**
श्री कलश हिंदुस्तानी प्र. 19 चौ. 62

## अध्याय 3

# कालमायाबाट योगमायामा सखीहरूको प्रस्थान



# अध्याय 3 : कालमायाबाट योगमायामा सखीहरुको प्रस्थान

योगमाया हाम्रो धनीजीको सत अंग श्री अक्षरब्रह्मजीको अन्त: करणको अर्धांगिनी शक्ति हो। श्री अक्षरब्रह्मजीको अन्त: करणको चार भाग छन् र यी चार भागमा अलग-अलग मायाहरु कार्य गर्छन् श्री अक्षरब्रह्मजीको अन्त:करणको चार भाग  र तिनमा कार्य गर्ने माया यस प्रकार छन्:

1. सत्स्वरुपब्रह्म (अहंकारको स्वरुप): मूल माया
2. केवलब्रह्म (बुद्धिको स्वरुप): आनंद माया
3. सबलिकब्रह्म (चित्तको स्वरुप): चिद्रुप माया
4. अव्याकृतब्रह्म (मनको स्वरुप): सद्रुप माया

## कालमायाको ब्रह्माण्ड (ब्रज मण्डल) छाडेर योगमायाको ब्रह्माण्डमा जाने सखीहरु:

हाम्रो धनीले योगमायाको केवलब्रह्ममा गएर अति सुन्दर किशोर रुप (बाँके बिहारीजीको) धारण गर्नुभयो र अति मनमोहक बाँसुरी बजाउनुभयो। सखीहरु यो बाँसुरीको मधुर स्वर सुन्नेबित्तिकै आफ्नो देह त्यागेर योगमायामा आफ्नो प्रियतम भएको ठाउँमा पुगे। सखीहरुले आफ्नो तन छोडेर योगमायामा पुगेको क्रम यस प्रकार छ:

**1. तामसी सखीहरु:** तामसी सखी भनेको क्रोधित सखी होइन, ती सखीहरु हुन् जसले तुरुन्तै निर्णय लिन सक्छन् र बलियो मनोवलका हुन्छन्। अब श्री कृष्णजीको बाँसुरीको मधुर स्वर सुन्नेबित्तिकै उनीहरुले प्राण त्याग गरी योगमायामा धनीको सामु पुगे।

**2. राजसी सखीहरु:** यी ती सखीहरु हुन् जो आफ्नो धनीलाई भेट्नु अघि थोरै श्रृंगार गर्न चाहन्थे। यी सखीहरुले बाँसुरीको आवाज सुन्नेबित्तिकै धनीलाई भेट्न यति आतुर भए कि उनीहरुले आफ्नो सबै होश गुमाए र आफ्नो सबै श्रृंगार उल्टो पाल्टो (हातको गहना खुट्टामा, घाँटीको हातमा...) गरे र त्यसपछि उनीहरु पनि आफ्नो तन छोडेर योगमायामा आफ्नो प्रियतमको सामु पुगे।

**3. स्वांतसी सखीहरू:** यी सखीहरू कालमायाको सम्बन्ध, सम्मान र मर्यादाको बारेमा धेरै चिन्तित थिए। जब यी सखीहरूले बाँसुरीको धुन सुने, मेरो पति र परिवारले थाहा पाए के भन्लान् भनेर सोच्न थाले। यसैबीच ब्रजमा अरू सखीहरूले देह त्याग गरेको खबर यिनका पति र परिवारसम्म पुग्यो र उनीहरूलाई आफ्नी पत्नीले पनि देह त्याग गर्ने हो कि भन्ने चिन्ता पर्यो। त्यसैले उनीहरूले यी सखीहरूलाई घरमै थुनेर राखे। तर अन्तमा, वियोगको दु: खमा तड्पेर यी सखीहरूले पनि देह त्यागेर योगमायामा आफ्नो प्रियतमको  सामु पुगे।

बाँसुरीको मनमोहक धुन सुन्नेबित्तिकै 24,000 कुमारिका सखीहरूले पनि आफ्नो तन र यस संसारलाई छोडेर नित्य वृंदावन पुगे।

(सखीहरू योगमायामा पुगेपछि कालमायाको यस ब्रह्माण्डको प्रलय गरियो)
योगमायामा धारण गरिएका नूरी र किशोर तनहरू र तिनमा विराजमान शक्तिहरू यस प्रकार छन् :

**श्री राजजी:**
नूरी तनको नाम: श्री कृष्णजी (बांके बिहारी / रास बिहारी)
जीव: X (कुनै जीव थिएन)
आत्मा: श्री अक्षरब्रह्मजी
आवेश: श्री राजजीको आवेश + श्री राजजीको जोश (आवेश श्री अक्षरब्रह्मजी)

**श्री श्यामाजी:**
नूरी तनको नाम: श्री राधिकाजी
जीव: कालमाया (ब्रज मंडल)को जीव जुन राधिकाजीको तनमा थियो।
आत्मा: श्री श्यामाजी

**सखीहरू:**
तन: 12000 नूरी वा किशोर तन
जीव: 12,000 जीव (कालमाया (ब्रज मंडल) का तिनै जीव जुन सखीहरूको तनमा थिए)
सुरता: तीन सुरताहरू (1 ब्रह्मसृष्टिको सुरता + 2 ईश्वरीसृष्टिको सुरताहरू)

यद्यपि, ब्रज लीलामा श्री कृष्णजीको तनमा श्री राजजीको आवेशले लीला गरेको थियो, त्यसमा भगवान् विष्णुको जीव पनि थियो। तर रासमा, श्री कृष्णजी (बाँके बिहारी) को जुन तनमा बसेर पारब्रह्मले लीला गर्नुभयो, त्यो स्वयं चेतन नूरी तन थियो र त्यस तनलाई कुनै जीवको आवश्यकता थिएन।

रासलीलाको समयमा **पियाजीले** धारण गर्नुभएको नूरी तनमा श्री अक्षरब्रह्मजीको आत्मा, **धनीजीको आवेश** र जोस थियो। त्यसबेला सखीहरूको प्रत्येक नूरी तनमा ब्रह्मसृष्टिको **1-1 सुरता** आफ्नो जीवसँगै र ईश्वरीसृष्टिको **2-2 सुरता** एउटै तनमा बसेर रास लीला हेर्दै थिए।

**योगमायामा पुगेपछि धनीजीद्वारा सखीहरूलाई भनिएका उथला वचन र ती वचन सुनेर सखीहरूको अवस्था :**

जब सबै सखीहरू कालमाया छोडेर योगमायामा पुगे, तब सबै सखीहरूले स्वतः नूरी तन प्राप्त गरे र पियाजीको नूरी र किशोर तन देखेर उनीहरू त्यसैमा मग्न भए। बिछोडको 52 दिन पनि सखीहरूले बिर्से। अब श्रीराजजी महाराज आफ्ना सखीहरूलाई भन्नुहुन्छ- "हे सखीहरू, पतिव्रता स्त्रीहरू कुनै पनि हालतमा राती घरबाट बाहिर निस्कनुहुन्न। ब्रजमा सबै ठीकठाक छ? यतिबेला यहाँ आउन के कुराको आवश्यकता पर्यो? यो कुरा सुन्दा तिम्रा आफन्तहरूले तिमीलाई निन्दा गर्नेछन्, त्यसैले अब तिमी आफ्नो घर फर्किहाल।"

धनीको मुखबाट यस्तो शब्द सुनेर स्वांतसी सखीहरू त्यही क्षण भुइँमा लडे, राजसी सखीहरू पीडाले तड्पिन थाले र तामसी सखीहरू मनलाई बलियो बनाएर उभिरहे। श्री इन्द्रावतीजी सबै सखीहरूलाई बताउनुहुन्छ कि हामीले अवश्य धनी प्रतिको प्रेमसेवामा केही गल्ती गरेका छौं, त्यस्तोमा प्रियतम हामीसँग किन नरिसाउनु? अनि श्री इन्द्रावतीजीले राजजीलाई भन्नुभयो - "हे धनी! तपाईंलाई जे भन्नु छ, बिना हिचकिचाहट भन्नुहोस्।"

श्रीराजजी आफ्ना सखीहरूलाई धेरै व्यंग्यात्मक रूपमा भन्नुहुन्छ - "वेदमा लेखिएको छ कि पति झगडालु, अन्धो, रोगग्रस्त, मूर्ख, अभागी, लंगडा, अज्ञानी जे भए पनि, उसलाई नत्याग्नु एक पतिव्रता स्त्रीको कर्तव्य हो। त्यसैले सखीहरू! फर्किएर आ-आफ्नो पतिको सामु जाओ।"

त्यसपछि सखीहरू श्री राजजीलाई भन्छन्- "तपाईंको भनाइ अनुसार पतिमा अनन्त दोष भए पनि पतिको परित्याग गर्नु हुँदैन, त्यसैले अब आफैं भन्नुहोस्, तपाईं जस्तो सर्वगुणले सम्पन्न पतिलाई हामी कसरी छोडौं? हामीलाई अब कठोर शब्दहरू नभन्नुहोस्। हामीले निश्चित रूपमा पहिचान गरेका छौं कि हाम्रो आत्माको एक मात्र प्रियतम त तपाईं मात्र हुनुहुन्छ।"

अब धनी भन्नुहुन्छ कि “म त तिमीहरूमा मायाको चाहना थोरै पनि बाँकी छ कि छैन भनेर परीक्षा मात्र लिइरहेको थिएँ।” यसपछि धनी आफैंले मुर्छित सखीहरूलाई उठाएर अँगालो हाल्नुभयो, जसका कारण उनीहरूका सबै दुःख सकिए। योगमायामा आएर हामीलाई हाम्रो धनीको पूर्ण पहिचान भयो, जुन ब्रजमा थिएन। आफ्नो प्रियतमको पहिचान बिना रासलीलाको आनन्द लिन सम्भव थिएन। अब धनी अगाडि बढेर नूरी नित्य वृन्दावनको सुन्दरता आफ्ना सखीहरूलाई देखाउन थाल्नुभयो।

## अध्याय 4

# रासको वर्णन

# अध्याय 4 : रासको वर्णन

## नित्य वृन्दावनको अति सुन्दर शोभाको वर्णन:

केवलब्रह्मको नित्य वृन्दावनमा जहाँ रासलीला भयो, त्यहाँका सम्पूर्ण सामग्री - सखीहरूको नूरी तन, वन, पशु-पंखी, जमुनाजी आदि आनन्द योगमायाद्वारा निर्मित थिए। ब्रह्मात्मासँग अक्षरातीतको आवेश स्वरुपले लीला गरेको यस नित्य वृन्दावन परमधाम भन्दा पनि फरक छ तथा कालमायाको यस ब्रह्माण्डभन्दा पनि फरक छ।

**एह सरूपने एह वृंदावन, ए जमुना त्रट सार |**
**घरथी तीत ब्रह्मांडथी अलगो, ते तारतमे कीधो निरधार ||**
श्री रास प्र. 10 चौ. 36

योगमायाको धर्तीको प्रत्येक कण यति उज्यालो छ कि, यस संसारका करोडौं सूर्य र चन्द्रमाको प्रकाश पनि त्यसको तुलनामा फिक्का हुन्छ। सखीहरूले ब्रजमा देह छोडेको बेला यहाँ रात पर्न लागेको थियो वा गोधूलीको (साँझ) समय थियो भन्न सकिन्छ र जब उनीहरूले योगमायामा प्रवेश गरे, त्यहाँ शरद पूर्णिमाको रात थियो। श्री राजजीले आफैं अगाडि बढेर सम्पूर्ण वृन्दावनको अनुपम सुन्दरताको वर्णन गर्नुभयो।

धनी आफैंले त्यहाँका अनेक प्रकारका बोट बिरुवा जस्तै अंगुर, ओखर, आँप, खजूर, इमली, अशोक, नेभारा, अनानास, चिरौंजी, गुलाफ, केसर, सौंपी, सुपारी, चन्दन, गुलमोहर आदि हामीलाई देखाउनुभयो। त्यसै गरी चमेली, कुमुद, रजनीगंधा, गुलाफ, कमल, मोगरा, हजार पत्तावाला सयपत्री लगायतका विभिन्न प्रकारका फूलका बुट्टाले सिंगो वृन्दावनलाई अर्कै किसिमले सजाएका थिए। धेरै प्रकारका साग सब्जी, फलफूल, अन्न र कंदमूलहरू पनि थिए। यसप्रकार, नित्य वृन्दावन अनन्त सौन्दर्यले सजिएको थियो। त्यहाँ जमुनाजीको किनार धेरै सुन्दर थियो र बस्नको लागि किनारमा निकै सुन्दर फूलका महलहरू पनि बनाइएका थिए। जमुनाजीको दुबै किनारका रुखका हाँगा पानीभन्दा माथि आएका थिए। यस्तो सुन्दर वातावरणमा सबै सखीहरूले आफ्नो प्रियतमको साथमा रासको आनन्द लिए।

## रासमा श्री श्यामाजीको अनुपम श्रृंगार:

**वस्त्रको शोभा-**
**घाघरा / लहंगा:** नीलो रंगको (जसमा 11 रंगको नाडा (ईजार) छ।)
**साडी:** सेंदुरिया रंगको
**कंचुकी / चोली:** श्याम (हल्का कालो) रंगको
**चरणको आभूषण-** अनवट, बिछिया, झांझरी, घुंघरी, काम्बी, कडला
**गलाको आभूषण-**श्री श्यामाजीको गलामा सात हार (हिरा, पाच, मोती, सुन, कंचन, चीड, कंठसरी)को शोभा आएको छ।
**हस्तकमलको आभूषण-**
**औंलामा:** अति सुन्दर जवाहरात जडिएका औँठीहरू
**नाडीमा:** पोहोंची, नवघरी, नवचूड, कंकनी
**कानमा:** झुम्का
**नाकमा:** बेसर, खूँटी (कोका / पुंगरिया)
**निधारको शोभा:** चौकोर बेंदा छ र एक माथापट्टी छ, जसमा 6 फूलको शोभा छ।
**सिरमा:** एउटा गोलो आकृतिको राखडी, सिउँदोमा सिन्दूर, सिउँदोको दुवैतर्फ मोतीको लडियाँ र अति सुन्दर चुल्ठी बाटिएको छ, जसमा पाँच फुमक आएका छन्।
श्री श्यामाजीको मुखमा पानको बीडा छ।

## श्री सुन्दरसाथजीको श्रृंगार:

रासमा ब्रह्मात्माहरुको शोभा एक सागरको सामान छ। यिनीहरुको शोभा यस्तो देखिन्छ कि मानौं करोडौं सूर्य संगै उदयका छन्।

## रासमा श्री राजजीको अनुपम श्रृंगार:

**वस्त्रको शोभा-** सूथनी / चूडीदार
**पायजामा:** केसरिया रंगको (जसमा 9 रंगको नाडा (ईजार) आएको छ।)
**पटोली:** पहेंलो रंगको (पटोली सिलाई विनाको यस्तो वस्त्र हो जुन पटुका भन्दा धेरै फराकिलो हुन्छ।)
**चरणको आभूषण:** झाँझरी, घुंघरी, काम्बी, कडला

**गलाको आभूषण:** 5 हार (2 हिराको हार, 1 सुनको, 1 मोतीको हार, 1 नगनजडित हार)
**कांधमा:** सेंदुरिया रंगको पिछौरी
**हस्तकमलको आभूषण-**
**औंलामा:** अति सुन्दर औंठीहरू
**नाडीमा:** कडली, पोहोंची
**बाजूमा:** बाजूबन्ध
**कानमा:** कर्णफूल, खूँटी (कर्णफूलभन्दा माथि)
**नाकमा:** बेसरको शोभा
**कमरमा:** रातो रंगको बांसुरी।
बांसुरीको मुखमा नीलो, मध्यमा रातो, र किनारमा आसमानी रंग छ।
**निधारमा:** तिलक (जसमा नीलो, पहेंलो, रातो रंगका रेखाहरू छन्) र बिचमा रातो रंगको बिंदी छ।
**शीशकमलमा:** मुकुट

धनीको कपाललाई बेग्लै तरिकाले बाटिएको छ, चुल्ठीको फुंदनमा धेरै प्रकारका रत्नहरू जडिएका छन् र फुंदनलाई घेरेर घुंघरी पनि आएको छ।

श्री इन्द्रावतीजी भन्नुहुन्छ कि रासका यी वस्त्र र गहनाहरूको वर्णन यहाँको शब्द अनुसार गरिएको छ, तर योगमायाको यो श्रृंगार कुनै विशेष तत्वको हो। बेहद मण्डल (योगमाया) श्री अक्षरब्रह्मजीको हृदयको स्वरूप हो। त्यसैले यो त्रिगुणातीत, चेतन, अखण्ड र प्रकाशमयी छ। मानव बुद्धिलाई बुझाउनको लागि यो नश्वर संसारका धातुहरूको उपमा मात्र दिइएको हो। त्यहाँको त एउटा पातको मात्र सुन्दरताको वर्णन गर्न पनि सम्भव छैन।

### रासमा धनीजीसंगको रामतको आनंदमयी लीला:

रासको अर्थ 'आनन्दको क्रीडा' हो। अक्षरातीतको हृदय असीम प्रेम, सौन्दर्य, आनन्द र शान्तिको सागर हो। जब त्यहाँ अथाह सागर उठ्न थाल्छ, त्यसलाई नै रास हुनु भनिन्छ। बाहिरबाट हेर्दा रामतलाई एउटा खेलजस्तै देखिन्छ, तर यसलाई सूक्ष्म दृष्टिले हेर्ने हो भने यो थाहा हुन्छ कि युगल स्वरूप तथा सखीहरूको बिच जुन प्रेम आदान-प्रदान हुन्छ, त्यो यिनै रामत क्रीडाको माध्यमबाट हुन्छ। यसमा हाँस्ने, खेल्ने, दौडने, सबै कुरा समावेश छ।

श्री अक्षरब्रह्मजीले परमधाममा श्री राजजीलाई यही लीला हेर्ने इच्छा व्यक्त गर्नुभएको थियो, जुन श्री राजजीले उहाँलाई रासको रूपमा केवलब्रह्ममा देखाउनुभयो। रासमा धेरै प्रकारका रामतहरू खेलिए- आँखा छोप्ने रामत, फुंदडीको रामत, भुलवनीको रामत, गढेको रामत, ताली बजाउने रामत, हात समाएर घुम्ने रामत,  कुहिनोको रामत, आँपको रामत, उडन खाटलीको रामत, नृत्यको रामत।

यसरी रासमा धेरै रामतहरू भए र धनीले यी सबैमा जीतको शोभा आफ्ना अंगनाहरूलाई दिइरहनुभयो। यी रामतहरूमा मैना र कोइली पनि आफ्नो मधुर स्वर गुन्जाउँछन्, काग र चकोर चराहरूले पनि निकै सुन्दर क्रीडा गर्छन्। मृग, बाँदर र मयूर चारैतिर उफ्रेर नांच्छन्। यी रामतहरूमा धनीले आफ्नो 12 हजार रूपहरू धारण गरेर प्रत्येक सखीसंग आनन्दपूर्वक लीला गर्नुभयो र सबै सखीहरूको मनोकामना पूरा गर्नुभयो।

**कहे इंद्रावती ए रामतडी, मारा वालाजी थई अति सारी |**
**सघली संगे रमिया रंगे, एक पिउ एक नारी ||**
**श्री रास प्र. 21 चौ. 8**

## अध्याय 5

# श्री राजजीको अंतर्धानको लीला:

# अध्याय 5 : श्री राजजीको अंतर्धानको लीला:

## श्री राजजीको अंतर्धानको लीला:

वृन्दावनमा रासको रामत गर्दै गर्दा सबै सखीहरू छुट्टिए। फेरि एकै ठाउँमा जम्मा हुँदा उनीहरूले आफ्नो प्राण प्रियतम अर्थात् धनीजीलाई देखेनन् मतलब धनीजी अंतर्धान हुनुभयो। धनीजीको अंतर्धानका कारणहरू:

### धनीजीको अंतर्धानका कारणहरू:

1. रासका रामतहरू पछि सबै सखीहरूले महसुस गरे कि श्री राजजी पूर्ण रूपमा हाम्रो नियन्त्रणमा हुनुहुन्छ- "उहाँले हाम्रो कपाल पनि बाटिदिनुहुन्छ, यदि हाम्रो गहना भुइँमा खस्यो भने उठाउनुहुन्छ र हामीलाई लगाइदिनुहुन्छ।" यसरी सखीहरूको मनमा धेरै मान आयो।

2. केवलब्रह्मको भूमि नौ रसको भूमि हो - श्रृंगार, वियोग, हांस्य, करुणा, रौद्र, वीर, भयानक, अद्भुत, शान्त। त्यसैले यहाँ वियोग पनि हुनु नै थियो।

3. श्री अक्षरब्रह्मजीले पनि फरामोसीमा परेर यो लीला केवलब्रह्ममा नभएर परमधाममा भइरहेको छ भन्ने बुझ्न थाल्नुभयो। सबै सखीहरू पनि यस लीलामा मग्न भए किनभने उनीहरू आधा निद्रा र आधा जाग्रत अवस्थामा थिए (यस अवस्थामा उनीहरूले आफ्नो धनीलाई चिन्थे तर आफ्नो वास्तविक घर थाहा थिएन।) त्यसैले श्री अक्षरब्रह्मजी र सखीहरू दुबैलाई वास्तविकता देखाउन पनि आवश्यक थियो।

**फेर मूल सरूपें देख्या तित, ए दोऊ मगन हुए खेलत।**
**जब जोस लियो खेंच कर, तब चित चौंक भई अछर॥**
**श्री प्रकाश हिंदुस्तानी प्र. 37 चौ. 41**

जब श्री धनीजीले श्री कृष्णजीको तनबाट आफ्नो जोश र आवेश हटाउनुभयो, श्री कृष्णजीको तनमा श्री अक्षरब्रह्मजीको आत्मा मात्र रहन्छ। अहिले श्री कृष्णजीको तनमा श्री राजजीको आवेश छैन, त्यसैले श्री कृष्णजीको तन त्यहाँ हुँदा पनि सखीहरूको नजरबाट हराउँदछ। धनीजीको आवेश योगमायामा नै श्री राधिकाजीको तनमा प्रवेश गर्यो, तर श्री श्यामाजी र सखीहरूलाई थाहा छैन कि धनीले उनीहरूलाई छोडेर कतै जानुभएको छैन भनेर र उनीहरू धनीको अनुपस्थितिले अत्यन्तै वियोगमा डुब्छन्।

**अंतर्धानको समय श्री कृष्णजी तथा श्री राधिकाजीको तनमा शक्तिहरूको समावेश-**

**श्री कृष्णजी:**
तन: श्री कृष्णजी / बांके बिहारीजी / रास बिहारीजी
आत्मा: श्री अक्षरब्रह्मजी
आवेश: × (कुनै आवेश छैन)
जीव: × (कुनै जीव छैन)

**श्री राधिकाजी:**
तन: श्री राधिकाजी
आत्मा: श्री श्यामाजी
आवेश: श्री राजजी + जोश श्री राजजी
जीव: ब्रजमंडलको राधिकाजीको जीव

**श्री अक्षरब्रह्मजी फरामोसीबाट जागृत अवस्थामा आउनु:**

जब धनीजीले श्री कृष्णजीको शरीरबाट आफ्नो आवेश फिर्ता लिनुभयो, त्यसको केही क्षणपछि पनि श्री अक्षरब्रह्मजीको आत्मा श्री कृष्णजीको शरीरमा रहिरह्यो र श्री अक्षरब्रह्मजी आश्चर्यचकित भएर होसमा आउनुभयो - "म कहाँ छु? मेरो यो पहिरन कस्तो हो? यो कुन वन हो र यी विरह गर्ने सखीहरू को हुन्?" यसरी आश्चर्यचकित भएपछि श्री अक्षरब्रह्मजीको आत्मा परमधाममा आफ्नो मूल तनमा जागृत भयो र अब केवलब्रह्ममा श्री कृष्णजीको तन मात्र बाँकी छ जसमा कुनै शक्ति छैन (न त श्री राजजीको आवेश छ न श्री अक्षरब्रह्मजीको आत्मा)।

**कौन बन कौन सखियाँ कौन हम, यों चौंक के फिरी आतम।**
**रास आया मिने जाग्रत बुध, चुभ रही हिरदे में सुध॥**
श्री प्रकाश हिंदुस्तानी प्र. 37 चौ. 42

जब श्री अक्षरब्रह्मजी आफ्नो मूल तनमा जागृत हुनुभयो, उहाँलाई यो ब्रह्मलीला आफू स्वयंले हेर्न श्री राजजीसंग इच्छा गर्नुभएको र यो ब्रह्मलीला उहाँलाई श्री राजजीले ब्रजमण्डलमा ब्रजलीला र योगमायामा रासलीलाको रूपमा देखाउनुभएको सबै कुरा याद आयो।

अब यो ब्रजलीला श्री अक्षरब्रह्मजीको हृदयमा अंकित भयो, तर यो अझै अखण्ड भएको छैन। यस समयमा ब्रजलीला अखण्ड नहुनुको कारण रासलीला अझै सम्पूर्ण नहुनु हो र रासलीला अखण्ड नगरी ब्रजलीला अखण्ड हुन सक्दैन।

## अन्तर्धान लीलाको बेला सखीहरूको विरहावस्था:

नि:संदेह, सखीहरूको अगाडि योगमायामा श्री कृष्णजीको नूरी तन थियो, तर त्यसमा श्री राजजीको आवेश नभएको कारणले त्यो शरीर सखीहरूको नजरबाट अदृष्य भयो र उनीहरू आफ्नो प्रियतमलाई आफूसँग नपाएर दुःख र विरहले व्याकुल भए। सबै सखीहरूले मिलेर सोचे र धनी कहाँ हुनुहुन्छ भनेर सोध्न श्यामाजी सामु गए। तर श्यामाजीलाई पनि सखीहरूले जंगलमा मुर्छित अवस्थामा भेटे, जसका कारण सखीहरूको धैर्यता टुट्यो। यस्तो अवस्थामा कोही सखीहरू बेहोस भए, कोही सखीहरू विरहमा अत्यन्त धेरै तड्पिए, कोही सखीहरूको आँखाबाट निरन्तर आँसुको धारा बग्न थाल्यो, तर कोही सखीहरू अझै धैर्यपूर्वक उभिरहे र मुर्छित अवस्थामा परेका सखीहरूलाई शोक नगर्न आग्रह गरे। “यसरी धनीले हामीलाई कुनै हालतमा छाड्न सक्नुहुन्न भन्ने निश्चित छ, त्यसैले वृन्दावनमा धनीको खोजी गरौँ” भने। पूरै वृन्दावनमा खोज्दा पनि उनीहरूले धनीलाई कतै भेटेनन् र जुन वृन्दावन त्यति सुन्दर देखिन्थ्यो, त्यही वृन्दावन आफ्नो प्रियतम बिना आगो समान लाग्न थाल्यो।

जब विरहको पराकाष्टा भयो, तब धनीजीकै अंत: प्रेरणाद्वारा सखीहरूको मनमा अनुकरण (नक्कल) लीला गर्ने विचार आयो। अनुकरण लीलामा श्री इन्द्रावतीजीले 'श्री कृष्णजी' को रुप धारण गरिन्, कोही सखी नन्द बाबा, कोही सखी यशोदा मैया, कोही पूतना र धेरै सखीहरूले राक्षसको भेषभूषा धारण गरे। वियोगको प्रबल ज्वाला सबै सखीहरूको मनमा जलिरहेको थियो, तर बाहिरी रुपमा उनीहरू ब्रजका अनेकौं प्रसंगहरूको विधिपूर्वक अभिनय गर्न थाले। आफ्नो प्रियतमको विरहमा रोइरहँदा पनि खुशीसाथ अभिनयमा मग्न रहनु नै प्रेमको वास्तविक लक्षण हो।

**आनंदे रोतां रमिए एम, जेने कहिए ते लछण प्रेम ।**
**तेना उडी गया सर्वे नेम, रमतां कीधां कई चेहेन ॥**
**श्री रास प्र. 33 चौ. 1**

जब श्री इन्द्रावतीजीले श्री कृष्णजीको रुप धारण गरी आफ्नो मुखमा बाँसुरी राखिन्, तब उनले आफ्नो मनमा सोचिन् कि हे धनी! बाँसुरी त म तपाईंको भेष लिएर बजाइरहेकी छु, तर मेरो लाज अब तपाईंको हातमा छ र अब तपाईं प्रकट हुनै पर्छ। अब श्री इन्द्रावती सखीले बाँसुरी बजाउने बित्तिकै सबै सखीहरूले आफ्नो प्रियतम प्रकट हुनुभएको महसुस गरे र उनीहरू चर्को स्वरमा प्रियतम प्रकट हुनुभएको गीत गाउन थाले। यही सुन्दर घडीमा सखीहरूको जीवनको आधार श्री धामधनी प्रकट हुनुभयो। धनीजीलाई देख्नेबित्तिकै सबै सखीहरू दौडेर गएर प्रियतमलाई अँगालो हाले। यसपछि सबै सखीहरूको मनमा प्रियतमसंग रास क्रीडा गर्ने उत्साह अत्याधिक मात्रामा जाग्यो।

## अध्याय 6

# अंतर्धान पश्चातको लीला

# अध्याय 6 : अंतर्धान पश्चातको लीला

**ब्रह्मानंद र भजनानंद स्वरूपमा फरक:**

अंतर्धान भन्दा पहिले देखिने र अंतर्धानपछि देखिने रूपमा कुनै भिन्नता छैन, सबै श्रृंगार पहिलेको जस्तै नै छ। तर अंतर्धान भन्दा पहिलेको स्वरूपलाई ब्रह्मानन्द र अंतर्धानपछि प्रकट भएको स्वरूपलाई भजनानन्द भनिन्छ। यी दुबै स्वरुप सखीहरूलाई विरह गरेपछि मात्र प्राप्त भएको थियो।

ब्रजलीलामा सखीहरूले धेरै आनन्द लिए, तर रास लीलामा प्राप्त आनन्द ब्रजलीलाको भन्दा धेरै गुणा बढी थियो, किनभने ब्रजलीला कालमायामा भएको थियो र त्यसबेला सबै सखीहरू पूर्ण रूपमा निद्रामा थिए, अर्थात् न त उनीहरूलाई श्री राजजीसँगको आफ्नो सम्बन्ध याद थियो, न उनीहरूलाई आफ्नो घर थाहा थियो।

अर्को तर्फ रासलीला योगमायाको ब्रह्माण्डमा भयो र यहाँ सखीहरूले आफ्नो धनीजीलाई पहिचान गरेका थिए तर, यहाँ पनि सखीहरूलाई निजघरको पहिचान भने थिएन। त्यसैले जति धेरै सुख मिल्छ, त्यसपछिको विरह त्यति नै गहिरो हुँदै जान्छ।

जसरी ब्रजलीलाभन्दा रासलीलाको आनन्द बढी थियो, त्यसैगरी योगमायामा रामतपछिको विरह पनि ब्रजमा भएको विरहभन्दा धेरै थियो। जब पीडादायक विरहपछि धनीजीको स्वरुप प्रकट भयो, उहाँ झनै धेरै मनमोहक देखिनुभयो, जसलाई भजनानन्द स्वरुप भनिन्छ। यस स्वरूपमा प्रेमको नयाँ प्रकारको विशेष श्रृंगार थियो तथा यस स्वरूपमा सखीहरूलाई प्रेमले तृप्त गर्ने तीव्र इच्छा थियो। सखीहरूले यो स्वरूपसँग लीला गरेर अपार आनन्द लिए।

**आया सरूप कर नए सिनगार, भजनानंद सुख लिए अपार।**
**दोऊ आतम खेले मिने खांत, सुख जोस दियो कई भांत ॥**
**श्री प्रकाश हिंदुस्तानी प्र. 37 चौ. 46**

**श्री इंद्रावतीजी र श्री केसरबाईजीको प्रेमपूर्ण विवाद:**

अंतर्धानको लीलापछि सखीहरूले धनीजीसँग यस्तो रामत गर्छन् जसमा उनीहरूले धनीलाई हरेक पल घेरेर राख्छन् ता कि उहाँ फेरी अंतर्धान नहुनुहोस्। सबै सखीहरूले हेर्दा हेर्दै श्री इन्द्रावतीजीले श्री धनीजीसँग धेरै रामतहरु गर्छिन्।

**श्री इन्द्रावतीजी –**

"मैले धामधनीलाई समातेर राखेकी छु, हेरौं कुन सखीले धनीलाई मेरो हातबाट छुटाउन सक्छिन्!"

**श्री केसरबाईजी –**

"ए सखी, तिमीले प्रियतमसंग धेरै रामत गर्यौ। अब छोडिदेउ, ता कि हामी पनि पियासंग रामत गर्न सकौं।"

**श्री इन्द्रावतीजी –**

"म मेरो प्रियतमलाई कुनै पनि हालतमा छाड्ने छैन। तिमी चाहे जतिसुकै बलको प्रयोग गर, तिमी वालाजीको हात मात्र समात्न सक्ने छौ। म पहिलेदेखि नै वालाजीसँग लीला गरिरहेकी छु, त्यसैले तिमी वालाजीलाई लिएर जान सक्दिनौ।"

**श्री केसरबाईजी –**

"तिमीले प्रियतमसंग रामत लीला गरेको धेरै समय भैसक्यो, यस्तो अवस्थामा मेरो प्राण प्रियतम, मेरो जीवनको आधारलाई तिमी किन छोड्दिनौ?"

**श्री इन्द्रावतीजी –**

> "तिम्रो अगाडि कुनै कमजोर, असहाय सखी छैन। जतिसुकै बलको प्रयोग गरे पनि तिमीले मबाट मेरो प्रियतमलाई छुटाउन सक्दिनौ।"

यी दुई बिचको यस्तो विवाद देखेर श्री राजजी हाँस्न थाल्नुभयो। प्रियतमले उनीहरूलाई शान्त गराउन खोज्नुभयो तर कोही पनि अलिकति पनि झुक्न तयार भएनन्। यसपछि रामतलाई रमाइलो बनाउन श्री राजजीले सबै सखीहरूसंग अलग-अलग रूप धारण गरेर लीला गर्नुभयो, जसले गर्दा सबै सखीहरू सन्तुष्ट भए। श्री केसरबाईजीलाई लाग्यो कि धनीजी उनीसँग मात्रै हुनुहुन्छ, त्यसै गरी श्री इन्द्रावतीजीलाई पनि लाग्छ कि धनीजी उनीसंग मात्रै लीला गर्दैं हुनुहुन्छ। तर प्रियतमले 12 हजार रूप धारण गरेर सबै सखीहरूसंग आनन्दमयी लीला गर्नुभयो।

यस लीलापछि जब श्री इन्द्रावतीजी र श्री केसरबाईजीले एक अर्कालाई भेटे, तब दुबैले मनमनै लाज माने र भने, "हे सखी, हामीले आपसमा झगडा गरेर कस्तो नराम्रो काम गर्यौं।" दुबैले एक अर्कालाई निकै उत्साहका साथ अँगालो हाले। यसरी एक अर्कासिंग प्रेमको चाहनाले गर्दा उनीहरुले आफू बिचको मनमुटावलाई समाप्त गरे। सखीहरुको मनमा जस्तो प्रकारको इच्छा थियो, धनीजीले सबै इच्छाहरू पुरा गर्नुभयो।

वृन्दावनमा रामतहरू खेलेपछि सबै सखीहरू धनीजीसँग जमुनाजीको किनारमा आए। जल क्रीडा गर्न सखीहरुले जमुनाजीमा प्रवेश गरे र जलमा प्रवेश गर्नु पहिला सबैको वस्त्र पनि जल क्रीडाको योग्य हुने गरी बद्लियो। जलमा धनीजीसँग अनेक प्रकारका खेलहरू खेलेर सखीहरुले अपार आनन्दको अनुभव गरे। जल क्रीडापछि सुन्दरबाई, इन्द्रावती, रत्नावती र लालबाई जमुनाजीबाट सर्वप्रथम बाहिर निस्किए र आफ्नो सबै अंगको श्रृंगार गरे। यी चार सखीहरुले मिलेर श्री श्यामाजीलाई अति प्रेमपूर्वक वस्त्र र आभूषण लगाइदिए। यसैबिच प्रियतमले अति प्रेमपूर्वक श्री श्यामाजीको कपाल बाटिदिनुभयो। त्यसपछि आसबाई, कमलावती, फूलबाई र चम्पावती मिलेर एकसाथ आफ्नो श्रृंगार गरे र फेरि यी चार सखीहरुले मिलेर श्री राजजीको श्रृंगार गरे र सबै सखीहरुले मिलेर एक अर्काको श्रृंगार पनि गरे।

अब सबै सखीहरू भोजन लिनको लागि अलग-अलग पंक्तिमा बसे। श्री इंद्रावतीजी 100 सखीहरूसँग विधिवत भोजन पस्किनको लागि तयार भइन् र सबैको थालमा अनेक प्रकारका व्यंजन पस्किइयो। श्री राजजीले सबै सखीहरूसँगै भोजन ग्रहण गर्नुभयो।
जो सखीहरू भोजन पस्किरहेका थिए, उनीहरूलाई स्वयं श्री राजजीले आफ्नै हातले भोजन पस्किनुभयो। सबैले पानको बीडा पनि ग्रहण गरे। भोजन ग्रहण गरेपछि सबै सखीहरू श्री राजजीसँग उहाँलाई घेरेर बसे र उहाँसँग प्रेमपूर्वक कुरा गर्न लागे।

## सखीहरू श्री राजजीसँग परमधाम फर्किनु

धामधनीसंग प्रेममयी कुरा गर्दा सबै सखीहरूले विरहका ती पलहरू सम्झे, जसमा उनीहरूले धेरै पीडा भोगेका थिए।

## अब श्री इन्द्रावतीजी श्री राजजीलाई सोध्छिन्-

"हामीबाट के अपराध भयो र तपाईंले हामीलाई वृन्दावनमा एक्लै छाडेर जानुभयो। तपाईंलाई त त्यो विरहको पीडा नै थाहा छैन।"

## श्री राजजी सखीहरूलाई भन्नुहुन्छ-

"मैले त एक पलको लागि पनि वृन्दावन छोडिन। तिमीहरू र मेरो बीचमा एउटा रुख आएको थियो, जसको कारणले तिमीहरूले मलाई देख्न सकेनौ। हे सखीहरू! म तिमीहरूबाट कहिल्यै अलग हुनै सक्दिन किनभने हाम्रो आत्मा एउटै छ।"

यसपछि श्री इन्द्रावतीजीलाई धनीजीले ब्रज छोडेर योगमाया पुग्दा सबै सखीहरूलाई भन्नुभएको व्यंग्यात्मक वचनहरू याद आउँछ।
**अब श्री इन्द्रावतीजी श्रीराजजीलाई सोध्नुहुन्छ-** "यस्तो लाग्छ कि हाम्रो अनादि कालदेखि चलिआएको प्रेमको सम्बन्ध छैन, त्यसैले त तपाईंले हामीलाई त्यस्तो वचन लगाउनुभयो।"

**श्री इन्द्रावतीजीको कुरा सुनेर धनीजी भन्नुहुन्छ:**

"हे सखीहरू! तिमीहरूको परीक्षा लिनको लागि मात्रै मैले त्यस्ता शब्दहरू बोलेको हुँ, कतै तिमीहरूभित्र ब्रजमा जस्तै मायाको प्रवेश त छैन भनेर। यदि मायाको प्रवेश भएको भए तिमीहरूले मसँग रातभर उत्साहका साथ रासको आनन्द लिन सक्ने थिएनौ। तिमीहरूभित्र मायाको कुनै आसक्ति नहुनुको कारण आज म तिमीहरूसंग छु।"

**अब सखीहरू श्रीराजजीसंग भन्छन् :**

"हे प्रियतम! हामीले वृन्दावनमा जताततै तपाईंलाई खोज्यौं, तर कतै तपाईंलाई देखैनौं। यदि त्यतिबेला तपाईं वृन्दावनमा हुनुभएको भए हामीले वियोगको असह्य पीडा किन भोग्नुपर्थ्यो? हामीले वृन्दावनको हरेक लताको झारपातमा समेत तपाईंलाई खोज्यौं। हामी सबै विरहको पीडामा धेरै रोयौं। धेरै दिमाग लगाएर तपाईंलाई खोज्यौं तर तपाईंलाई कसैले कतै भेटेनौं र पनि तपाईं हामीलाई छोडेर कतै गएको थिइन भन्नुहुन्छ। हामीले वृन्दावनमा तपाईंलाई खोज्दा किन हाम्रो सामु आउनुभएन? यदि तपाईं हामीबाट टाढा हुनुभएको थिएन भने हाम्रो विरहावस्थाको पुकार किन सुन्नुभएन? हामी यति लामो समयसम्म पीडामा रोएको हेर्न कसरी सक्नुभयो धनी? हामी भन्न सक्छौं कि तपाईं वृन्दावनमा त पक्कै हुनुहुन्न थियो। हामीले यति धेरै पीडा सहन सक्यौं किनभने हामीलाई आफ्नो चेतनामा तपाईंसगँको अनादि सम्बन्ध थाहा थियो। हामीलाई आशा थियो कि तपाईंले हामीलाई कहिल्यै छोड्नुहुने छैन, नत्र हामी त्यही क्षणमा आफ्नो प्राण त्यागिदिने थियौं।
(त्यतिबेला धनीजीको आवेश स्वरुप श्री श्यामाजीको हृदयमा बसेको रहस्य सखीहरूलाई ज्ञात थिएन, किनभने सखीहरू त्यस समय पूर्ण जागृत अवस्थामा थिएनन्।)

**श्री राजजी सखीहरूलाई भन्नुहुन्छ:**

"सखीहरु, तिमीहरु पूर्ण सत्य बोल्दैछौ। जब हामी रासको रामतहरु खेल्दै थियौं, तब हामी बिच मात्र एक पलको लागि एउटा रुख अगाडि आएको थियो। तिमीहरु त्यो बेला प्रेमको गहिराईमा डुबेका थियौ, त्यसैले त एक पलको बिछोड पनि तिमीहरुलाई युगौं जस्तो लाग्यो। यसरी तिमीहरुले धेरै दुःख भोग्यौ। अब धनीजी भन्नुहुन्छ कि "सखीहरु, तिमीहरुलाई जुन विरहको पीडा भयो, त्यो भन्दा पनि बढी पीडा मलाई भयो।" श्री राजजीले ब्रजबाट रासमण्डल जाने समयलाई याद गराएर सम्झाउनुहुन्छ र भन्नुहुन्छ कि "सखीहरु! जब म कालमायाको ब्रह्माण्ड छोडेर योगमायाको ब्रह्माण्डमा (केवलब्रह्मको भुमिका) आएँ, तब मेरो आदेशद्वारा केवलब्रह्मकी अद्धाँगिनी आनन्द योगमायाले रासको लागि मात्र एक क्षणमा नित्य वृन्दावन रचना गरिन्। मनमा तिमीहरुलाई भेट्ने प्रबल चाहना थियो। तिमीहरुलाई ब्रजबाट यहाँसम्म बोलाउन हातमा बाँसुरी लिएँ, तर यति समयको वियोग पनि मेरो लागि धेरै पीडादायी थियो।" यसरी धनीजीले सखीहरुको विरहभन्दा आफ्नो विरह अत्यन्तै पीडादायी बताएर सखीहरुको मन मंत्रमुग्ध गरिदिनुभयो।

**श्री इंद्रावतीजी:**

"हे प्रियतम! अब म तपाईंसँग यति मात्र भन्छु कि तपाईं एक पलको लागि पनि हामीबाट अलग नहुनुहोस्। अब तपाईं हामीलाई त्यो घरमा लैजानुहोस्, जहाँ हामी तपाईंबाट एक पलको लागि पनि अलग हुन नपरोस्।"

**हवे वाला हूं एटलूं मांगूं, खिण एक अलगां न थैए ।**
**जिहां अमने विरह नहीं, चालो ते घर जैए ।।**
**श्री रास प्र. 47 चौ. 43**

हामीले हाम्रो धनीसँग परमधाममा दुःखको खेल हेर्ने इच्छा गरेका थियौं, जसलाई धनीजीले ब्रज र रासमा देखाउनुभयो र रासको आनन्दले हाम्रो मनलाई पनि आनन्दित बनाउनुभयो। यसपछि धनीजीले हामीलाई हाम्रो मूल घर परमधाममा लानुभयो र श्री अक्षरब्रह्मजी पनि परमधाममा आफ्नो मूल तनमा जागृत हुनुभयो। अर्थात् श्री अक्षरब्रह्मजी, श्री श्यामाजी महारानी र सखीहरुको आत्मा आ-आफ्नो मूल तनमा फर्किए।

श्री प्राणनाथ जी वाणी
|| प्रेम खोल देवे सब द्वार ||

## अध्याय 7

# अखंड ब्रजलीला तथा रासलीलाको रहस्य



# अध्याय 7 : अखंड ब्रजलीला तथा रासलीलाको रहस्य

## अखंड ब्रजलीला तथा रासलीला

### ब्रज तथा रासलीला कहाँ अखण्ड भयो?

श्री अक्षरब्रह्मजी आफ्नो मूल तनमा जागृत हुनेबित्तिकै ब्रज र रासको लीलालाई अखण्ड गर्नुहुन्छ। रास खेल्न त केवलब्रह्म (बुद्धिको स्वरूप) भित्र खेलियो, तर यो अखंड भने अक्षरब्रह्मजीको चित्तको स्वरूप सबलिकब्रह्मको महाकारणमा भयो र रासलाई अखण्ड गरेपछि मात्र सबलिकब्रह्मको कारणमा ब्रजलीलालाई अखण्ड गरियो।

**अछर चितमें ऐसो भयो, ताको नाम सदा सिव कह्यो |**
**बृज रास दोऊ ब्रह्मांड, ए ब्रह्म लीला भई अखंड ||**
श्री प्रकास हिंदुस्तानी प्र. 37 चौ. 49

यसरी श्री अक्षरब्रह्मजीको चित्तमा ब्रजलीला अखण्ड भएकाले सबलिकब्रह्मको नाम सदाशिव चेतन भयो। ब्रज र रासका यी दुई लीलाहरूलाई ब्रह्मलीला भनिन्छ, जुन योगमायाको ब्रह्माण्डमा अखण्ड भइसकेका छन्। (तिनीहरू आज पनि भइरहेका छन्।)

**अखंड रासका सबै तनहरूमा शक्तिको समावेश:**

**श्री कृष्णजी:**
नूरी तन: श्री कृष्णजी / श्री रास बिहारीजी / श्री बांके बिहारीजी
जीव: × (कुनै जीव छैन)
आत्मा: × (कुनै आत्मा छैन)
आवेश: × (कुनै आवेश छैन)

**श्री राधिकाजी:**
नूरी तन: श्री राधिकाजी
जीव: ब्रजमंडल (कालमाया) को राधिकाजीको जीव
आत्मा: × (कुनै आत्मा छैन)

**सखीहरू:**
नूरी तन: 12000 सखीहरूको नूरी तन
जीव: ब्रजमंडल (कालमाया) का गोपीहरूको उत्तम जीव
आत्मा: × (कुनै आत्मा छैन)

परमधामका आत्माहरू ब्रजमा गोपीहरूको तनमा जुन जीवमा बसेका थिए, ती जीवहरू पनि रासमा अखण्ड भए र आत्माहरू परमधाममा फर्किए। 12000 सखीहरूका यी नूरी तन आज पनि रासमा श्री कृष्णजी (किशोर स्वरूप) र श्री राधिकाजीको नूरी तनसँग लीला गर्दै छन्। श्री राधिकाजी, सखीहरूका जीवहरू ब्रजमण्डलमा (कालमायामा) पनि थिए, यी जीवहरूले योगमायामा रासको पनि आनन्द लिए र सबलिकब्रह्ममा अखण्ड भएको रासमा पनि अखण्डता प्राप्त गरे।

## रासपछि ईश्वरीसृष्टिको सुरता कहाँ गयो?

श्री अक्षरब्रह्मजीले विशेष गरी यो खेल हेर्नको लागि 24 हजार सुरताहरू धारण गरेका थिए, जसलाई ईश्वरीसृष्टि भनिन्छ। योगमायामा रास खेल्न 12 हजार सखीहरूको तनमा **24 हजार** ईश्वरीसृष्टिहरूले प्रवेश गरे। ईश्वरीसृष्टिले रास खेल्नको लागि छुट्टै तन पाएनन्। त्यसैले रासपछि, सबैको आत्मा आफ्नो मूल स्थानमा फर्किए - ब्रह्मसृष्टिहरू परमधाममा फर्किए, श्री अक्षरब्रह्मजीको आत्मा पनि परमधाममा आफ्नो मूल स्थानमा पुग्यो। त्यस्तै ईश्वरीसृष्टिहरू पनि आफ्नो मूल स्थान योगमायाको सत्स्वरूपब्रह्ममा गए।

## श्री ब्रज लीला कहाँ अखण्ड भयो? अनि यसमा को-को अखण्ड भए?

ब्रजलीला 11 वर्ष 52 दिनसम्म खेल्न त कालमायाको ब्रह्माण्डमा खेलियो, तर यसलाई रासलीला अखण्ड भएपछि योगमायाको सबलिकब्रह्मको कारणमा अखण्ड गरियो। ब्रजलीलामा अखण्ड भएका तन र यसका शक्तिहरू यस प्रकार छन्:
**श्री कृष्णजी:**
नूरी तन: श्री कृष्णजी / बालमुकुंदजी (योगमायाको नूरी तन)
जीव: विष्णुजी
आत्मा: × (कुनै आत्मा छैन)
आवेश: × (कुनै आवेश छैन)

**श्री राधिकाजी :**
नूरी तन: श्री राधिकाजी (योगमायाको नूरी तन)
जीव: × (कुनै जीव छैन)
आत्मा: × (कुनै आत्मा छैन)

**सखीहरू:**
तन: 12000 नूरी तन (योगमायाको नूरी तन)
जीव: × (कुनै जीव छैन)
आत्मा: × (कुनै आत्मा छैन)

**कुमारिका सखीहरू:**
तन: 24000 (नूरी तन योगमायाको)
जीव: 24000 जीव (कालमायाको ब्रज मंडलमा कुमारिका सखीहरूको तनमा भएको)
सुरता: × (कुनै सुरता छैन)

**जीवसृष्टि:**
ब्रजमंडलमा जो जीवसृष्टि श्री कृष्णजीको सानिध्यमा आए, उनीहरूलाई पनि ब्रजलीला (सबलिकब्रह्म) मा अखंड गरियो।
तन: नूरी तन (योगमायाको)
जीव: कालमायाको ब्रजमंडलका जीव
आत्मा: × (कुनै आत्मा छैन)


कालमायाको ब्रजमण्डलको तन योगमायाको ब्रह्माण्डमा प्रवेश गर्न सक्दैन, त्यसैले कालमायाका तनहरू नष्ट भए र सबलिक ब्रह्मको कारणमा अखण्ड ब्रजलीलामा श्री कृष्णजी (बालस्वरूप), राधिकाजी, सखीहरू र जीवसृष्टिहरूको योगमायाका नूरी तनहरूले लीला गरिरहेका छन्। योगमायाको ब्रह्माण्ड कालमायाको ब्रह्माण्ड भन्दा धेरै फरक छ, जहाँ कुनै तनलाई कार्यशील बनाउन कुनै जीवको उपस्थिति हुनु आवश्यक छैन। यी सब नूरी तनहरू आज पनि अखण्ड रूपमा लीला गरिरहेका छन्।

**रासलीलाको समयमा सबै जीवहरूको स्थान :**
प्रलय पछि जब ब्रह्मसृष्टिहरूको जीव पनि उनीहरूको सुरताको साथमा रास खेल्नको लागि केवल ब्रह्ममा गए, त्यस समयमा अन्य सबै जीवहरू जो ब्रज मंडलमा थिए जसमा

ईश्वरीसृष्टिहरुको जीव, श्री कृष्णजीको सानिध्यमा आएका जीव र अन्य जीवसृष्टिहरुको जीव जो श्री कृष्णजीको सानिध्यमा आएका थिएनन्, अर्थात राधिकाजी र ब्रह्मसृष्टिहरुको जीवलाई छोडेर 14 लोकका सबै जीवहरुलाई कारण प्रकृतिमा सुषुप्ति अवस्थामा राखियो। त्यसै गरी रासलीलालाई अखंड गरेपछि जब ब्रजलीलालाई अखंड गरियो, तब यिनीहरुमध्ये ईश्वरीसृष्टिहरुको जीव र जो जीवसृष्टि श्री कृष्णजीको सानिध्यमा आएका थिए, तिनीहरुलाई सबलिक ब्रह्मको कारणमा ब्रजलीलामा अखण्ड गरियो।

## अध्याय 8

# प्रतिबिम्ब लीलाको गोप्य रहस्य



# अध्याय 8 : प्रतिबिम्ब लीलाको गोप्य रहस्य

## प्रतिबिम्ब रासलीलामा लुकेका रहस्यहरू:

ब्रजबाट रासमा जानका लागि सखीहरूले आफ्नो तन छोड्ने बित्तिकै ब्रजको ब्रह्माण्ड प्रलय गरियो। यसमा केवल त्यो एक ब्रह्माण्डको (चौदह लोक) प्रलय गरियो, जसको अंश ब्रजमण्डल थियो।
यस्ता अनगिन्ती ब्रह्माण्डहरू अरू पनि छन्, तर तिनीहरूको प्रलय गरिएन। यदि बाँकी सबै ब्रह्माण्डहरू प्रलय गरिएका भए, त्यसलाई महाप्रलय भनिने थियो। रासपछि योगमायामा रासलीला र ब्रजलीला अखण्ड गरियो र त्यसमा अखण्ड गरिएका जीवहरू यस प्रकार छन्:
**1.) ब्रह्मसृष्टिका जीवहरू (रासमा अखण्ड भए)**
**2.) ईश्वरीसृष्टिका जीवहरू (ब्रजलीलामा अखण्ड भए)**
**3.) जीवसृष्टिहरूका जीव (जो श्री कृष्णजीको सानिध्यमा आए) (ब्रजलीलामा अखण्ड भए)**

ब्रजलीला र रासलीला अखण्ड भएपछि कालमायामा ब्रजको नयाँ ब्रह्माण्डको निर्माण गरियो र यस पूर्व श्री कृष्णजीले जहाँ (कालमायाको वृन्दावनमा) बाँसुरी बजाउनुहुन्थ्यो, त्यही आएर श्री कृष्णजीले बाँसुरी बजाउनु भएपछि यहाँबाट प्रतिबिम्बको लीला सुरू भयो। परब्रह्मको आदेशले यो नयाँ ब्रह्माण्ड यस्तो चमत्कारिक ढंगले सृजना भयो कि यसमा बस्ने मानिसहरूले हामी पहिलेको ब्रह्माण्डका बासिन्दा हौं, हामी यसमा लामो समयदेखि बस्दै आएका छौं भन्ने ठाने।

**प्रतिबिम्ब रासलीला श्री कृष्णजी, श्री राधिकाजी र सखीहरूको रूपमा कसले खेले:**

**श्री कृष्णजी:**
तन: श्री कृष्णजीको (11 वर्ष 52 दिनको कालमायाको नयाँ तन)
जीव: भगवान विष्णुजीको
आत्मा: ×
आवेश/शक्ति: सबलिक ब्रह्मको महाकारणमा अखण्ड भएका रास बिहारीजीको तनको आवेश।

**श्री राधिकाजी :**
तन: श्री राधिकाजीको (कालमायाको नयाँ तन)
जीव: कालमायाको नयाँ जीव
सुरता : वेदऋचा सखीको

**वेदऋचा सखीहरू:** प्रतिबिम्ब लीलामा 12000 ब्रह्मसृष्टिहरुको स्थानमा अहिले श्री कृष्णजीसँग लीला गर्ने सखीहरुमा वेदऋचा सखीहरुको सुरता आएको छ, त्यसैले अब उनीहरुलाई वेदऋचा सखीहरु भनिनेछ।
तन: 12000 कालमायाको नयाँ तन
जीव: कालमायाको नयाँ जीव
सुरता: वेदऋचा सखीहरुको

**प्रतिबिम्बका सखीहरू:** प्रतिबिम्ब लीलामा 24000 ईश्वरीसृष्टिको स्थानमा अहिले श्री कृष्णजीसँग लीला गर्ने सखीहरुमा सबलिक ब्रह्मको कारणमा अखण्ड भएका ईश्वरीसृष्टिका जीवहरु सुरता रुपमा आएका छन् र अब उनीहरुलाई प्रतिबिम्बका सखीहरु भनिनेछ।
तन: 24000 कालमायाको नयाँ तन
जीव: कालमायाको नयाँ जीव
सुरता: सबलिक ब्रह्मको कारणमा अखण्ड भएका ईश्वरीसृष्टिका जीवहरु सुरता रुपमा

**जीवसृष्टि:** श्री कृष्णजीको सानिध्यमा आएका ती जीवसृष्टि जसको जीव सबलिक ब्रह्मको कारणमा अखण्ड भएको थियो।
तन: कालमायाको नयाँ तन
जीव: कालमायाको नयाँ जीव
सुरता: x (कुनै सुरता छैन)

रास जुन सबलिक ब्रह्मको महाकारणमा र ब्रजलीला जुन सबलिक ब्रह्मको कारणमा अखण्ड भयो, त्यसको प्रतिबिम्ब सबलिक ब्रह्मको स्थूल (सबलिक ब्रह्मको स्थूल = अव्याकृतको महाकारण) मा पर्यो। अव्याकृत ब्रह्मको स्थूलमा वेदहरुको स्थान छ। यी वेदहरु आफ्नो ज्ञानको प्रकाश लिएर प्रत्येक ब्रह्माण्डमा अवश्य आउँछन्। जब वेदहरुले रासलीलाको प्रतिबिम्ब अव्याकृत ब्रह्ममा परेको देखे, तब वेदहरुको मनमा पनि यो लीला हेर्ने इच्छा भयो, किनभने उनीहरुले त यस्तो प्रेममयी लीला कहिल्यै देखेका थिएनन्।

अखण्ड रासको प्रतिबिम्ब जुन अव्याकृत ब्रह्मको महाकारणमा पनि पर्यो, यहि प्रतिबिम्बवाला रास बिहारीजीको स्वरूपले वेदहरूलाई आदेश दिनुभयो कि हजुरहरूको मनमा जुन प्रेममयी लीला हेर्ने इच्छा जागेको छ, त्यसलाई पूरा गर्नको लागि हजुरहरू सुरताको रूप धारण गर्नुहोस्। जब वेदहरूले सुरतारूप धारण गरे, तब उनीहरूलाई वेदऋचा सखीहरू भनियो। यिनै वेदऋचा सखीहरूको सुरतालाई कालमायामा 12000 गोपीहरूको शरीरमा उतारियो र 24000 प्रतिबिम्बका सखीहरूको रूपमा ती ईश्वरीसृष्टिका जीवहरूलाई सुरतारूपमा उतारियो जो सबलिक ब्रह्मको कारणमा ब्रजलीलामा अखण्ड छन्।

यी अखण्ड भएका जीवहरूको सुरतालाई पनि यहि कारणले कालमायामा अवतरण गरियो किनभने कुमारिका सखीहरूको जीवहरूले ब्रज (कालमाया) मा श्री कृष्णजीसँग प्रेममयी लीला खेल्न माग गरेका थिए र यी जीवहरूले धेरै व्रत पनि गरेका थिए। अनि यी जीवहरू अखण्ड रास खेल्नको लागि केवलब्रह्ममा गएका थिएनन्, त्यहाँ केवल ईश्वरीसृष्टिका सुरताहरू गएका थिए। तसर्थ, यी जीवहरूको मनोकामना पूरा गर्न र यिनीहरूलाई प्रतिबिम्बको रास खेलाउन कालमायामा ल्याइयो। प्रलयपछि जब ब्रजको नयाँ ब्रह्माण्डको निर्माण भयो, यसलाई प्रतिबिम्बको रासको रातबाटै सुरू गरियो र यो एक रातलाई 6 महिनाको लामो बनाइयो। आदिनारायणजीले रच्नुभएको कालमायाको ब्रह्माण्डमा पहिलो पटक यस प्रकारको प्रेममयी लीला भइरहेको थियो। त्यसैले उनले यो एक रातलाई 6 महिनाको लामो बनाएर यसको आनन्द लिइरहे।

यो 6 महिना बराबरको रात बिताएपछि सबै सखीहरू आ-आफ्नो घरमा गएर सुत्छन्। बिहान जब सबै गोपहरू उठ्छन्, उनीहरूले आ-आफ्ना पत्नीहरू आफ्नो छेउमा सुतेको देख्छन् र उनीहरूलाई याद नै हुँदैन कि कसरी राती बाँसुरीको आवाज सुन्ने बित्तिकै सबै सखीहरूले आफ्नो तन त्यागेका थिए। ब्रजको ब्रह्माण्ड प्रलय भन्दा पहिलेको जस्तै चल्न थाल्दछ किनकी बाहिरी रूपमा तन पहिले जस्तै देखिन्थ्यो तर भित्रका सबै शक्तिहरू र जीव कसरी परिवर्तन भइसकेका थिए भन्ने आभास कसैलाई पनि थिएन।

**टिप्पणीः** योगमायामा प्रवेश गरेपछि जीव जीवको रूपमा रहँदैनन्, तिनीहरू पनि सुरता रूप बन्दछन्। ईश्वरीसृष्टिका जुन जीव ब्रजलीलामा अखण्ड भएका थिए, ती पनि सुरतारूप बने र उनीहरू नै प्रतिबिम्ब रासलीलामा कुमारिका सखीहरूको ठाउँमा आए।

## प्रतिबिम्बको रास किन खेलियो?

**प्रतिबिम्बको रास खेल्नुको कारण यस प्रकार छ:**

1. वेदहरू (वेदऋचा सखीहरू) को इच्छा पूरा गर्न।

2. 24000 ईश्वरीसृष्टिको जीवहरूको इच्छा पूरा गर्न।

3. यो कालमायाको ब्रह्माण्डमा आमखलक वा जीवसृष्टिलाई त थाहै छैन कि योगमायाको ब्रह्माण्डमा रासलीला खेलिएको थियो। त्यसैले जीवसृष्टिलाई पनि रासलीला खेलिएको थियो वा यस्तो प्रेममयी लीला भएको थियो भनी विश्वास दिलाउनको लागि यसलाई कालमायामा प्रतिबिम्बको रासको रूपमा खेलियो। जसले गर्दा जब धर्मशास्त्रहरूमा रासको बारेमा लेखिनेछ, उनीहरूलाई यसको आभास होस्।

**जो प्रगट लीला न होवे दोए, तो असल नकल की सुध क्यों होए।**
**ता कारन ए भई नकल, सुध करने संसार सकल ।।**
**श्री प्रकाश हिंदुस्तानी प्र. 37 चौ. 56**

## श्री राधिकाजी, सखीहरू र जीवसृष्टिमा नयाँ जीव कहाँबाट आए?

श्री कृष्णजीको सानिध्यमा आउन नसकेका जीवसृष्टिहरूलाई यो नयाँ ब्रह्माण्ड निर्माण हुनेबित्तिकै यहाँ बनेका नयाँ तनहरूमा पठाइयो। तर यस नयाँ ब्रह्माण्डमा केही जीवहरू कम भए जो योगमायाको ब्रह्माण्डमा रासलीला र ब्रजलीलामा अखण्ड भएका थिए।

तसर्थ, श्री राधिकाजी, वेदऋचा सखीहरू (12000), प्रतिबिम्बका सखीहरू (24000) र अन्य जीवसृष्टि (जो अखण्ड भए), उनीहरूको कालमायामा बनेका नयाँ तनमा नयाँ जीवहरूले प्रवेश गरे। ईश्वरीसृष्टिका जीवहरूले ब्रजमण्डलको प्रलय देखेका थिए जब सखीहरू आफ्नो देह त्याग गरिरहेका थिए। त्यसपछि ईश्वरीसृष्टिले पनि आफ्नो तन त्यागे र उनीहरूको सुरता रास खेल्न केवलब्रह्ममा योगमायाको ब्रह्माण्डमा पुगेका थिए।

जुन समयमा ईश्वरीसृष्टिको सुरता रास खेल्न केवलब्रह्ममा गएको थियो, त्यस समय उनीहरूका जीवहरू कारण प्रकृतिमा सुषुप्ति अवस्थामा थिए र रासलीलालाई अखण्ड गरिएपछि जब ब्रजलीलालाई अखण्ड गरियो, तब यिनीहरूका जीव सबलिक ब्रह्मको कारणमा ब्रजलीलामा अखण्ड भए। अनि पुनः यिनै जीवहरूका सुरता कालमायाको प्रतिबिम्ब लीलामा 24000 प्रतिबिम्बका सखीहरूमा आयो। त्यसैले त "हामी शरीर त्यागेर एक प्रकाशमयी उज्यालो ब्रह्माण्डमा पुगेका थियौँ" भन्ने एक अस्पष्ट सम्झना यी प्रतिबिम्बका सखीहरूलाई थियो, तर "हामी कसरी फर्किएर यहाँ आयौँ" भन्ने यो रहस्य उनीहरूले कहिल्यै बुझ्न सकेनन्। जब प्रतिबिम्बका सखीहरूको नै आशंका मेटिएन भने अरूले के गर्न सक्छन् र? बेहदको गहिरो रहस्य ब्रह्मसृष्टिहरू बाहेक अरू कसले जान्न सक्छन् र? यस संसारका जीवहरू बेहदको गहिरो रहस्य बुझ्न पूर्णरूपमा असमर्थ छन्। प्रतिबिम्बका सखीहरूले भ्रमवश यहि माने कि "रासलीला हामीले नै गरेका थियौं र यो प्रतिबिम्ब लीलामा पनि हामीले नै लीला गरिरहेका छौँ।"

**धोखा इनों का भी ना मिटया, तो कहा करे और ।**
**बेहद वानी के माएने, क्यों होवे दूजे ठौर ।।**
**श्री प्रकाश हिंदुस्तानी प्र. 31 चौ. 48**

## अध्याय 9

# श्री कृष्ण त्रिधा लीलाको तीन भाग



# अध्याय 9 : श्री कृष्ण त्रिधा लीलाको तीन भाग

## श्री कृष्ण त्रिधा लीलाको तीन भाग

### त्रिधा लीलाको तीन भाग:

1. ब्रजमण्डलमा 11 वर्ष 52 दिनको लीला। यसमा श्री कृष्णजीको तनमा श्री राजजीको आवेशले लीला गर्दछ।
2. 11 दिनको लीला, जसमा 7 दिन गोकुल र 4 दिन मथुरा। यसमा योगमायाको रास बिहारीजीको आवेशले श्री कृष्णजीको तनमा लीला गर्दछ।
3. मथुरामा 112 वर्षसम्म श्री कृष्णजीको तनबाट हुने लीला। यसमा श्री कृष्णजीको तनमा कुनै आवेश छैन, केवल विष्णुजीको जीवले नै सारा लीला गर्दछ।

**किया राज मथुरा द्वारका, बरस एक सौ और बार |**
**प्रभास सब संघार के, जाए खोले बैकुंठ द्वार ||**
**श्री कलश हिंदुस्तानी प्र.18 चौ.23**

### रासलीलाका प्रकार:

1. सबैभन्दा पहिले योगमायाको केवलब्रह्ममा रास खेलियो। यो लीला योगमायाको ब्रह्माण्डको एक रातमा भयो।
2. केवलब्रह्ममा खेलिएको रासलीलालाई सबलिक ब्रह्मको महाकारणमा अखण्ड गरियो। र यो लीला आज पनि निरन्तर चलिरहेको छ।
3. जुन कुरा चित्तमा आउँछ, त्यो स्वतः मनमा पनि आउँछ। अर्थात्, सबलिक ब्रह्म (चित्त स्वरुप) मा अखण्ड भएको लीला, अव्याकृत ब्रह्म (मन स्वरुप) मा पनि आयो। तसर्थ, अखण्ड भएको रासको प्रतिबिम्ब अव्याकृत ब्रह्मको महाकारण वा सबलिक ब्रह्मको स्थूलमा पनि पर्यो।
4. प्रलयपछि जब पुनः कालमायाको ब्रह्माण्डको सृष्टि गरियो, तब त्यसको सुरुवात प्रतिबिम्ब रासलीलाबाट गरियो।

### त्रिधा लीलाको दोस्रो भागमा 11 दिनको लीला (7 दिन गोकुल र 4 दिन मथुरा):

जसरी प्रलय अघि ब्रजमण्डलमा लीला चलेको थियो, त्यसरी नै गोकुलमा 7 दिनसम्म बिल्कुल त्यस्तै लीला चलिरह्यो। सात दिनसम्म गोकुलमा प्रतिबिम्ब र वेदऋचा सखीहरूसँग प्रेमको लीला भयो। कंसको निर्देशनमा अक्रूरजी श्री कृष्णजी र बलरामजीलाई लिएर मथुरा गए, जहाँ चार दिनसम्म लीला गरिएको थियो। 24000 कुमारिकाका जीवरूपी प्रतिबिम्बका सखीहरू र 12000 वेदऋचाहरूसँग श्री कृष्णजीको जुन स्वरूपले 11 दिन (7 दिन गोकुल र 4 दिन मथुरा) लीला गर्यो, त्यस स्वरूपमा रास बिहारीजीको आवेश र भगवान विष्णुको जीव थियो।

**खेले पिछले साथ में, सात दिन तांई।**
**अक्रूर चल्या बुलाए के, पोहोंचे मथुरा मांहीं ॥**
**श्री प्रकाश हिंदुस्तानी प्र. 31 चौ. 51**

मथुरामा गएर चार दिनको लीलामा श्री कृष्णजीले कुबलया-पीड नामक हात्तीलाई मार्दछन् र चाणूर मुष्टिक जस्ता योद्धाहरू र कंसलाई मार्दछन्। यसपछि आफ्ना हजुरबुवा उग्रसेनजी र आफ्ना मातापिता (देवकी र वासुदेव) लाई जेलबाट मुक्त गर्दछन्। जेलबाट मुक्त गरेपछि, उनले आफ्ना हजुरबुवा उग्रसेनलाई सिंहासनमा बसाउँदछन् र उनको राज्याभिषेक गर्दछन् अनि आफ्नो ग्वालाको भेष उतारेर राजसी लुगा लगाउँदछन्। जब उनले ग्वालाको भेष उतारेर राजसी वस्त्र धारण गरे, तब बेहदको शक्ति (रास बिहारीजीको आवेश) श्री कृष्णजीको तनबाट निस्कियो र त्यसपछि उनी विष्णुको अवतार रूप मात्र रहे। त्यही क्षणमा यो दोस्रो लीला (श्री कृष्ण त्रिधा लीलाको दोस्रो भाग) पूरा भयो।

**टीका दिया उग्रसेन को, भए दिन चार।**
**छोड़ वसुदेव भेख उतारिया, या दिन थें अवतार ॥**
**श्री प्रकाश हिंदुस्तानी प्र. 31 चौ. 53**

## त्रिधा लीलाको तेस्रो भाग:

**श्री कृष्णजीको तनमा शक्तिहरूको समावेश:**
तन: श्री कृष्णजीको कालमायाको तन
जीव: भगवान विष्णुको
आवेश: × (कुनै आवेश छैन)

**श्री राधिकाजीको तनमा शक्तिहरूको समावेश :**
तन: श्री राधिकाजीको कालमायाको तन
जीव: कालमायाको जीव
सुरता : वेदऋचा सखीको
आवेश: रास बिहारीजीको (श्री कृष्णजीको तनबाट निस्किएर श्री राधिकाजीमा प्रवेश गर्दछ)

श्री कृष्णजीले राजसी वस्त्र धारण गर्ने बित्तिकै रास बिहारीजीको आवेश वा शक्ति श्री कृष्णजीको तन छोडेर गोकुलमा श्री राधिकाजीको तनमा प्रवेश गर्दछ। तर श्री राधिकाजी र सखीहरूले यो महसुस गर्न सक्दैनन्। जसरी योगमायामा अन्तर्धान लीला हुँदा श्री राजजीको आवेश श्री श्यामाजीमा प्रवेश गर्दछ र उहाँलाई थाहा हुँदैन, (त्यसै गरी यस जागनी ब्रह्माण्डमा धनीजीको आवेश सूक्ष्म रुपमा प्रत्येक आत्मामा अवस्थित छ, तर विरह बिना यो महसुस गर्न सकिंदैन।) राधिकाजी र सबै सखीहरूलाई रास बिहारीजीको शक्तिको आभास हुन सकेन, त्यसैले उनीहरू 100 वर्षसम्म उहाँको विरहमा तड्पिरहे।

यसरी 100 वर्षसम्म विरहमा तड्पेपछि वेदऋचा सखीहरू योगमायामा अव्याकृत ब्रह्मको महाकारणको शुद्ध कारणमा पुगे, जहाँ ब्रजलीलाको प्रतिबिम्ब परेको छ र ईश्वरीसृष्टिका जीवहरूको सुरता पुनः आफ्नो स्थानमा अर्थात् सबलिक ब्रह्मको कारणमा अखंड ब्रजलीलामा गए र रास बिहारीजीको आवेश आफ्नो स्थान सबलिक ब्रह्मको महाकारणमा  पुग्यो।

## जन्मको समयमा श्री कृष्णजीलाई किन श्री विष्णु भगवानजीको अवतार मान्न सकिंदैन?

विष्णु भगवानले वासुदेव र देवकीलाई उनीहरुको अघिल्लो जन्मको सम्झना दिलाएर स्पष्ट गराउनुभयो कि अब जुन बालकको जन्म हुँदैछ, उसलाई कसरी नन्दजीको घरमा लैजाने भनेर। जब श्री कृष्णजीको जन्म भयो, तब ती बालकमा विष्णुजीको जीव मात्र होइन, अखंड धामको शक्ति पनि थियो। अर्थात् उहाँमा श्री अक्षरब्रह्मजीको आवेश (परब्रह्मको जोश) पनि प्रवेश गर्दछ।

त्यसैले उहाँलाई विष्णु भगवानजीको अवतार मात्र भन्न मिल्दैन। अनि वासुदेवजीले श्री कृष्णजीलाई नन्दजीको घरमा पुर्याउने बित्तिकै, श्री कृष्णजीको शरीरमा परब्रह्मको आवेश र श्री अक्षरब्रह्मजीको आत्मा प्रवेश गर्यो।

**वसुदेव गोकुल ले चले, ताए न कहिए अवतार।**
**सो तो नहीं इन हद का, अखंड लीला है पार॥**
**श्री कलश हिंदुस्तानी प्र. 18 चौ. 14**

श्री महामतिजीको आत्मा भन्नुहुन्छ - "हे साथजी ! अब तपाईं जाग्रत भएर आत्म-जागरणको आनन्द लिनुहोस्। ब्रह्मसृष्टिहरू मात्र यी सुखहरू प्राप्त गर्न सक्षम छन्। यदि तपाईंले आफ्नो आत्मालाई जगाउनुभयो भने यही संसारमा ब्रज, रास, श्री देवचन्द्रजीको तनबाट हुने लीला र परमधामको लीलाको प्रत्यक्ष आनन्द लिन सक्नुहुनेछ र यी सबै सुख चितवनीद्वारा मात्र प्राप्त गर्न सकिन्छ।"

**अब जाग देखो सुख जागनी, ए सुख सोहागिन जोग।**
**तीन लीला चौथी घर की, इन चारों को यामें भोग॥**
**श्री कलश हिंदुस्तानी प्र. 23 चौ. 1**

## हामीसँग सामेल हुनुभएकोमा धन्यवाद!

कुनै पनि प्रश्नको लागि कृपया श्री प्राणनाथ जी वाणी
**च्यानलको** प्लेलिस्ट '**श्री कृष्ण त्रिधा लीला**' मा अवश्य जानुहोला।

ShriPrannathJiVani

Shri Prannath Ji Vani

shriprannathjivani@gmail.com

श्री प्राणनाथ जी वाणी
|| प्रेम खोल देवे सब द्वार ||